# एसओएसको हेरचाहसम्बन्धी सङ्कल्प

## एसओएस बालग्रामहरूले कसरी बालबालिका र युवाहरूका लागि सर्वोत्तम हेरचाह सुनिश्चित गर्दछन्

SOS CHILDREN'S VILLAGES INTERNATIONAL

SOS CARE PROMISE



© Bjørn-Owe Holmberg

# विषयसूची

प्रस्तावना ........ ३
हेरचाहका आधारभूत पक्षहरू ........ ४
हेरचाहको प्रभाव ........ ४
हेरचाहलाई मार्गनिर्देश गर्ने अन्तर्राष्ट्रिय कार्यढाँचाहरू ........ ५
सिद्धान्त तथा मूल्य-मान्यताहरू ........ ६
हेरचाहका उपायहरू ........ ८
हेरचाहसम्बन्धी प्रतिबद्धताहरू ........ १०
परिशिष्ट ........ २५
शब्दावली ........ २५

## प्रकाशन

प्रकाशक:
एसओएस बालग्राम अन्तर्राष्ट्रिय
कार्यक्रम तथा रणनीति (विभाग)
हर्मन माइनर स्ट्रिट ५१
६०२० इन्सब्रुक, अस्ट्रिया
इमेल : external.communications@sos-kd.org
www.sos-childrensvillages.org
विषयवस्तुका लागि जिम्मेवार : फेडेरेसन नेतृत्व टोली
सम्पादकीय टोली : कार्यक्रम र रणनीति (विभाग)
मुखपृष्ठ फोटो : एसओएस बालग्राम पुडुचेरी, भारत
सर्वाधिकार : Bjorn-Owe Holmberg
लेआउट : सञ्चार तथा ब्रान्ड
प्रकाशन मिति : अप्रिल २०१८
सर्वाधिकार २०१८ एसओएस बालग्राम अन्तर्राष्ट्रिय
सर्वाधिकार सुरक्षित ।

हाम्रा प्रकाशनहरू र अध्ययनहरूबारे थप जानकारीका लागि सम्पर्क राख्नुहोस् : http://www.sos-childrensvillages.org/publications
हाम्रा भिडियोहरूका लागि हेर्नुहोस् : http://www.facebook.com/soschildrensvillages/videos

नेपालीमा अनुवाद तथा सम्पादन: चन्द्रिका खतिवडा, इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी (आइएलआरसी), काठमाण्डौ ।

# प्रस्तावना

संसारभरिका सबै बालबालिकाले अधिकारका रूपमा नै गुणस्तरीय हेरचाह प्राप्त गरून् भन्ने कुरा सुनिश्चित गर्न एसओएस बालग्राम प्रतिबद्ध छ । सन् १९४९ मा हर्मन माइनरले ठूलो प्रतिरोधसँग जुधेर पहिलो बालग्राम स्थापना गरे । सबैभन्दा जोखिममा रहेका बालबालिकाले आफ्नो सामर्थ्य विकास गर्नका लागि परिवार तथा सामुदायिक वातावरणमा भावनात्मक एवं भौतिक स्थिरता आवश्यक रहन्छ भन्ने कुरामा विश्वास राखी त्यही पहिचानका साथ हाम्रो सङ्गठन स्थापना भयो जुन त्यस बखत आफैंमा क्रान्तिकारी अवधारणा थियो ।

युद्धपछि युरोपमा बालग्राम स्थापनाको सन्दर्भमा जस्तै आजको विश्वमा सबैभन्दा जोखिममा रहेका बालबालिका भनेका आमाबाबुविहीन तथा आमाबाबुको हेरचाह गुमाउने जोखिममा रहेका बालबालिका नै हुन् । दसमध्ये एकजना बालबालिकाले त्यस्तो विषम परिस्थितिको सामना गर्नुपर्दछ भन्ने कुरा हाम्रा अनुभवको आधारमा गरिएको मोटामोटी अनुमानले देखाउँदछ ।[1]

सात दशक लामो हाम्रो कार्य-अनुभवले सिकाए अनुरूप एसओएस बालग्रामले जोखिममा रहेका बालबालिकाको समस्यामा आफ्नो ध्यान केन्द्रित गर्दछ । हामी प्रत्येक बालबालिकाको लागि उनीहरूको सर्वोत्तम हित अनुरूप हुनेगरी जिम्मेवार अधिकारी/ निकायसँगको साझेदारीमा उपयुक्त हेरचाहको विकल्प पहिचान गर्न प्रतिबद्ध छौं । हामी जोखिममा रहेका बालबालिकालाई विभिन्न प्रकारका वैकल्पिक हेरचाह प्रदान गर्दछौं । बालबालिकाको परित्यक्तता एवं उनीहरूमाथि हुनसक्ने बेवास्ता तथा हेलचेक्र्याइँ रोक्नका लागि हामी परिवारहरूको क्षमता बढाउँदछौं । हामी आमाबाबुविहीन वा आमाबाबुको हेरचाह गुमाउने जोखिममा रहेका सम्पूर्ण बालबालिकाको अधिकार एवं उनीहरूको परिवारको अधिकारका लागि पैरवी समेत गर्दछौं । आजको यस घडीमा, एसओएस बालग्रामले आफ्नो अलग्गै ब्रान्डको प्रतिनिधित्व गर्दछ र त्यो एसओएस परिवारहरूको भौतिक संरचनामा मात्र सीमित छैन ।


एसओएस बालग्राम आफ्नो ध्येय प्राप्तिका लागि धेरै पद्धतिहरूमा प्रतिबद्ध हुनु आवश्यक छ भन्ने कुरामा विश्वास गर्दछ । जसको अर्थ जोखिममा रहेका बालबालिका तथा उनीहरूका परिवारहरूको तत्कालीन आवश्यकतालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न एवं परिवार विग्रह गराउने मूल कारणहरूको रोकथाम गर्न समेत हामी काम गर्दछौं । यसो गरिरहँदा हामी निरन्तर रूपमा गुणस्तरीय हेरचाहको प्रवर्द्धन एवं त्यसका लागि सहयोग गर्दछौं ।

**हेरचाह...**

...लाई "बालबालिका तथा युवाहरूको अभिभावकीय स्याहार तथा हेरचाह" भनी परिभाषित गरिएको छ । यसले जन्म भएको परिवारहरूमा हुने हेरचाह तथा वैकल्पिक व्यवस्थापनमा गरिने हेरचाह दुवैलाई समेट्छ ।

एसओएसको हेरचाहसम्बन्धी सङ्कल्पले हाम्रा कार्यक्रमहरूमा हरेक बालक वा बालिकालाई प्रदान गरिने गुणस्तरीय हेरचाहप्रतिको हाम्रो प्रतिबद्धतालाई परिभाषित गर्दछ ।[2] बालबालिका केन्द्रित पद्धतिको परिपालना गर्दै एसओएसको हेरचाहसम्बन्धी सङ्कल्पले हाम्रा कामहरूको गुणस्तर प्रवर्द्धन गर्ने विद्यमान पहलहरूलाई सुदृढ गर्दछ । यसले बदलिंदो स्थानीय परिप्रेक्ष्यअनुरूप बालबालिकाको हेरचाह र संरक्षण प्रदान गर्ने समय सापेक्ष कार्यक्रमको रूपमा एसओएस बालग्रामलाई स्थापित गर्दछ । यसर्थ, अति विविधतायुक्त एवं अत्यन्तै चुनौतीपूर्ण वातावरणमा विश्वभरि निरन्तर गुणस्तर सुनिश्चित गर्नका लागि एसओएसको हेरचाहसम्बन्धी सङ्कल्पले आधारशीला प्रदान गरेको छ ।

गुणस्तर प्रवर्द्धनको हाम्रो यात्रा कहिल्यै नटुङ्गिने भएका कारणले यो हामीले दैनिक रूपमा पालना गर्नुपर्ने एक जीवन्त सङ्कल्प हो । हामी हाम्रा अनुभव, साझेदार तथा बालबालिकाबाट सिक्दै निरन्तर त्यसमा सुधार गरिरहन चाहन्छौं । जब हामी हाम्रो सङ्कल्पको कार्यान्वयनमा असफल भएको पहिचान गर्दछौं, तब हामी त्यसको तत्काल सम्बोधन गर्दछौं र गुणस्तरीय हेरचाह पुनर्स्थापित गर्न एवं भविष्यका लागि त्यसको सुनिश्चितता गर्न ठोस कदमहरू चाल्दछौं ।



**सिद्धार्थ कौल**
अध्यक्ष



**नोबर्ट मिडर**
प्रमुख कार्यकारी अधिकारी

[1] एसओएस बालग्राम अन्तर्राष्ट्रिय, जोखिममा रहेका बालबालिका: सबैभन्दा जोखिममा रहेका बालबालिका को हुन्, र उनीहरू किन जोखिममा छन् (२०१६) ।

[2] एसओएसको हेरचाहसम्बन्धी सङ्कल्पलाई अन्तर्राष्ट्रिय सिनेटले सन् २०१८ को अप्रिलमा सर्वसम्मतिले स्वीकृत गरेको हो । यस नीतिले हाम्रो कामको आधार निर्माण गर्ने सिद्धान्त एवं मूल्यमान्यताहरू तथा हाम्रो गुणस्तरीय हेरचाहको ध्येय तथा प्रतिबद्धता कार्यान्वयन गर्ने हेरचाहका उपायहरू अन्तर्गत रही हामी के गर्दछौं र त्यो कसरी गर्दछौं भन्ने कुरा उल्लेख गर्दछ । यस नीतिलाई एसओएस बालग्रामका सम्पूर्ण सदस्य सङ्गठनहरूले पालना गर्नुपर्दछ र यसको लक्ष्य प्राप्तिका लागि समर्पित हुनुपर्दछ । कार्यक्रमसँग सम्बन्धित अन्य सबै नीतिहरू, मार्गदर्शनहरू तथा विधिहरू यसको मातहत आउँदछन् । यो नीति "हामी को हौं ?", अन्तर्राष्ट्रिय एसओएस बालग्रामको विधान तथा रणनीति २०३०, मा आधारित छ ।

# हेरचाहका आधारभूत पक्षहरू

## हेरचाहको प्रभाव

हामी विश्वास गर्दछौं कि कोही पनि बालबालिका एक्लै हुर्किनु हुँदैन र प्रत्येक बालबालिकाले सहयोगी समुदायको अंशको रूपमा स्थिर एवं स्नेही परिवारमा हुर्कन पाउनुपर्दछ । यसले उनीहरूलाई एक बालक वा बालिका भएर बाल्यकाल बिताउने अवसर प्रदान गर्दछ । यद्यपि, विश्वमा प्रत्येक दसमध्ये एकजना बालबालिकाले आफ्ना आमाबाबुको न्यानो माया सहितको हेरचाह गुमाइसकेका छन् वा गुमाउने जोखिममा छन् भन्ने कुरा तथ्यले देखाउँदछ ।

बालबालिका आमाबाबु वा अन्य कोही स्थिर (Stable) हेरचाहकर्ताको मायाममता र सहयोग बिना नै 'एक्लै' हुर्कनु परेमा उनीहरूले विभेद, बेवास्ता वा हेलचेक्र्याइँ, दुर्व्यवहार र परित्यक्तताको अत्यन्त ठूलो जोखिम सामना गर्नुपर्ने हुन सक्दछ । उनीहरू सिक्ने, परिपक्व हुने र जीवनोपयोगी सीपहरू विकास गर्न पाउने अवसरहरूबाट वञ्चित हुने सम्भावना रहन्छ जसले गर्दा उनीहरूले आफूलाई समाजमा योगदान दिनसक्ने सदस्य बन्न कठिनाइ अनुभव गर्दछन् । यदि भविष्यमा उनीहरूका आफ्ना छोराछोरीहरू भए भने उनीहरू तिनको विकासमा पर्याप्त सहयोग गर्न असमर्थ हुन सक्दछन् र हानिकारक प्रभावहरूको दुष्चक्र अर्को पुस्तामा समेत सर्न सक्दछ । त्यसले गर्दा जनकल्याण र स्वास्थ्य प्रणालीमा समेत ठूलो असर पार्ने हुनाले बृहत्तर समाज पनि पीडित हुन्छ ।

### तर हामी यस्तो परिस्थितिलाई बदल्न सक्दछौं ।

सहयोगी समुदायको अंशको रूपमा स्थिर र स्नेही परिवारमा हुर्किरहेका बालबालिकामा आफ्नो पूर्ण सामर्थ्य पहिचान गर्दै स्वावलम्बी जीवन यापन गर्ने सम्भावना अत्यन्त बढी हुन्छ । उनीहरूले सञ्चार, आपसी सहयोग, समस्या समाधान गर्ने तथा व्यक्तिगत लक्ष्य निर्धारण गर्ने लगायतका आधारभूत जीवनोपयोगी सीपहरू राम्रोसँग विकास गर्न सक्दछन् । उनीहरूले आत्मविश्वासी हुन, दृढ निश्चयी हुन र कुनै पनि स्थितिलाई सामना गर्ने क्षमता अर्थात पुनरावस्था (Resilience) पनि विकास गर्दछन् । उनीहरूका हेरचाहकर्ताले उनीहरू विद्यालय गएको तथा उचित स्वास्थ्यस्याहार सेवाहरू पाएको कुरा सुनिश्चित गर्दछन् । बालबालिकाले राम्ररी सामाजिक सम्बन्ध/ सञ्जाल बनाउन सक्दछन् जुन उनीहरूको दैनिक जीवनमा आपसी सहयोगको स्रोत हुन सक्दछ । अन्ततः उनीहरूले स्वस्थ सम्बन्धहरू विकास गर्न, सम्मानित रोजगारी प्राप्त गर्न र आफ्नो समुदायलाई उन्नतितर्फ डोऱ्याउन सक्दछन् ।

यसको मुख्य कडी भनेको गुणस्तरीय हेरचाह नै हो र, गुणस्तरीय हेरचाहमा गरिएको लगानीले बालबालिकाले समृद्ध किसिमबाट हेरचाह पाउँदछन् अनि आफ्नो क्षमता प्रस्फुटन गर्ने तथा एक पुस्तादेखि अर्को पुस्तासम्म सामर्थ्यको पहिचान गर्ने जस्ता गुणात्मक असरहरू देख्न सकिन्छ । यी सबै कुराहरू बालबालिकाले सानो उमेरदेखि कुनै पेशा अँगाल्न तयार नहुञ्जेलसम्म निरन्तर अभिभावक वा अर्को हेरचाहकर्ताबाट प्राप्त गर्ने गुणस्तरिय हेरचाहको सुनिश्चितताबाट नै शुरुवात हुन्छ । बालबालिकाको उचित हेरचाहले मात्र उत्कृष्ट संसार निर्माण हुन्छ । **यही नै हेरचाहको प्रभाव हो ।**


© Vincent Tremeau

### सम्बन्धहरूले अर्थ राख्दछन्

"बालबालिका आपसी सम्बन्धको वातावरणमा हुर्किन्छन् जुन परिवारबाट सुरु हुन्छ । यसमा उनीहरूको जीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अन्य वयस्कहरूको पनि संलग्नता रहन्छ । यी अन्य वयस्कहरूमा बृहद परिवारका सदस्य, प्रारम्भिक हेरचाह तथा शिक्षा प्रदायक, नर्स, सामाजिक कार्यकर्ता, प्रशिक्षक र छिमेकीहरू पर्दछन् । यी सम्बन्धहरूले (बालबालिकाको) विकासका समग्र पक्षहरूमा प्रभाव पार्दछन्, जसमा बौद्धिक विकास, सामाजिक विकास, संवेगात्मक विकास, शारीरिक एवं व्यवहारजन्य विकास पर्दछन् र, प्रारम्भिक वर्षहरूका सम्बन्धहरूको गुणस्तर र स्थिरताले मानवजीवनका आधारहरू तयार पार्दछन् जसले पछिल्लो कालखण्डमा विभिन्न प्रकारका परिणमाहरूका लागिउनीहरूलाई सघाउँदछ ।"

**सेन्टर अन द डेभलपिङ चाइल्ड एट हार्वर्ड युनिभर्सिटी,**
**फ्रम बेस्ट प्राक्टिसेस् टु ब्रेकथ्रु इम्प्याक्ट्स् : अ साइन्स-बेस्ड अप्रोच टु बिल्डिङ अ मोर प्रमिसिङ्ग फ्युचर फर योङ्ग चिल्ड्रेन एन्ड फ्यामिलिज (२०१६), पृष्ठ ८ ।**


© Danielle Pereira

# हेरचाहलाई मार्गनिर्देश गर्ने अन्तर्राष्ट्रिय कार्यढाँचाहरू

हाम्रो काम मूलतः बालबालिकासँग सम्बन्धित तीनवटा अत्यन्त महत्वपूर्ण अन्तर्राष्ट्रिय कार्यढाँचाहरूबाट निर्देशित छ । यस दस्तावेजमा व्याख्या गरिएका हेरचाहसम्बन्धी प्रतिबद्धताहरू यिनै कार्यढाँचाहरूमा तय गरिएका सिद्धान्त, मापदण्ड तथा लक्ष्यहरू अनुरूप रहेका छन् 

सन् १९८९ मा पारित गरिएको **संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि** (UNCRC) ले बालबालिकाको जीवनका सबै पक्षहरूसँग सम्बन्धित उनीहरूका अधिकारहरूलाई स्थापित गरेको छ । यस महासन्धिले बालबालिकाको विकासका लागि स्नेही एवं सुरक्षित परिवारको केन्द्रीय भूमिकालाई स्वीकार गरेको छ । संसारका सबैजसो राष्ट्रका सरकारहरूले यस महासन्धिलाई अनुमोदन गरेका छन् र, एसओएस बालग्रामले बालअधिकारसम्बन्धी महासन्धिमा उल्लेखित बालबालिकाको अधिकार परिपूर्ति गर्ने उत्तरदायित्व पूरा गर्न सघाउन सरकारहरूसँग साझेदारी एवं सहकार्य गर्दै आएको छ ।

सन् २००९ मा पारित गरिएको **बालबालिकाको वैकल्पिक हेरचाहका लागि संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशनले** बालबालिकाको आफू जन्मेको परिवारमा वा वैकल्पिक हेरचाहमा रहँदा गुणस्तरीय हेरचाह पाउने अधिकार पूरा गर्नको लागि सरकारहरूले सुनिश्चित गर्नुपर्ने कार्यको ढाँचा दिएको छ । यस दस्तावेजले वैकल्पिक हेरचाह आवश्यकताको सिद्धान्त तथा उपयुक्तताको सिद्धान्त दुवैको आधारमा हुनुपर्दछ भनेको छ । बालबालिकाले स्थिर हेरचाहकर्तासँग सुरक्षित एवं निरन्तर आत्मीय-सम्बन्ध (Attachment) बनाउनु आवश्यक हुन्छ भन्ने पनि यस मार्गनिर्देशनले उल्लेख गरेको छ । उक्त मार्गनिर्देशनले अभिभावकीय हेरचाहको प्रवर्द्धन तथा परिवारबाट बिछोड हुनबाट गर्नुपर्ने रोकथामको महत्वमाथि पनि जोड दिएको छ । यस मार्गनिर्देशनका मूल मर्मलाई बालबालिकाको हेरचाहसम्बन्धी हाम्रो यस प्रतिबद्धतामा समेटिइएका छन् ।

संयुक्त राष्ट्रसङ्घको **दिगो विकास लक्ष्यहरू** हाम्रो कामका लागि अर्को महत्वपूर्ण आधार हो । सन् २०१५ मा पारित भएको र सन् २०३० सम्म लागू हुने यो कार्यढाँचा 'कोही पनि नछुटून्' भन्ने प्रतिज्ञासहित आएको छ । राष्ट्रको सामाजिक तथा आर्थिक विकासको क्रममा धेरैजसो छुटाइने र अलग्याइने समूहमा जोखिममा रहेका बालबालिका तथा परिवारहरू पहिलो पङ्क्तिमा पर्दछन् । हाम्रो **रणनीति २०३०** मा परिभाषित गरिएका हाम्रा कामले लक्षित समूहप्रति विशेष ध्यान केन्द्रित गर्दै दिगो विकास लक्ष्यहरू विशेषतः राष्ट्रिय सामाजिक सुरक्षा पद्धतिहरूको सुधार, असमानताविरूद्धको लडाइँ, गुणस्तरीय शिक्षामा पहुँच बढाउने, युवा रोजगारिताको सुदृढीकरण र बालबालिकाविरूद्धको हिंसाको अन्त्य लगायतमा योगदान दिन्छ ।


© Georg Trixl

## संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशनको एक प्रमुख प्रवर्द्धकका रूपमा...

एसओएस बालग्रामले बालबालिकाको वैकल्पिक हेरचाहका लागि संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशनको तर्जुमा गर्नमा नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । एसओएस बालग्रामले विशेषगरी यस दस्तावेजको पहिलो मस्यौदा तयार गर्नको लागि अन्तर्राष्ट्रिय कार्य-समूहलाई सह-संस्थापकको रूपमा स्रोत उपलब्ध गराएको थियो । संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् २००९ मा यस मार्गनिर्देशनलाई पारित गरेपछि एसओएसका विश्वभरिका बालग्रामका सदस्य सङ्गठनहरूले उक्त मार्गनिर्देशनलाई राष्ट्रिय तहमा लागु गराउन अग्रस्थानमा रहेर काम गरेका छन् । अन्तर्राष्ट्रिय तहमा, यो मार्गनिर्देशन कार्यान्वयनमा ल्याउनका लागि एसओएस बालग्रामहरूले सक्रिय रूपमा साझेदारी गरी पहल गरिरहेका छन् । खुला रूपमा पहुँच पाइने अनलाइन पाठ्यक्रमको विकासमा गरिएको सहयोगलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ ।

# सिद्धान्त तथा मूल्य-मान्यताहरू

## एसओएस बालग्रामका सिद्धान्तहरू

बालबालिकाको हेरचाहसम्बन्धी चारवटा सिद्धान्तहरूका बारे हामीसँग यथेष्ट अनुभव छ। यी चारवटा सिद्धान्तहरूलाई आधार मानेर, संसारभरिका मानिसहरूले सकारात्मक परिवर्तनलाई गति दिइरहेका छन् र धेरैभन्दा धेरै बालबालिकाले मायालु परिवारमा हुर्कन पाइरहेको कुरा एकीन गर्न सकिन्छ। वर्तमान सन्दर्भमा यी चारवटा सिद्धान्तहरू देहायका स्वरूपमा विकसित भएका छन्।



**बालबालिका : प्रत्येक बालबालिका विशिष्ट एवं सम्मानित हुन्।**
हामी बालबालिकाको सामर्थ्य पहिचान गर्दै उनीहरूलाई स्वावलम्बी र समाजमा योगदान दिनसक्ने व्यक्तिको रूपमा विकास हुनको लागि मार्गनिर्देश गर्दछौं एवं साथ-सहयोग दिन्छौं।



**अभिभावक : प्रत्येक बालबालिकालाई हेरचाह गर्ने (स्नेही) तथा स्थिर अभिभावक चाहिन्छ।**
हामी बालबालिकाले आफ्ना हेरचाहकर्तासँग माया, आदर र सुरक्षासहितको भरपर्दो सम्बन्धको सुखद अनुभव गर्न सकून् भन्ने सुनिश्चित गर्न कार्य गर्दछौं।



**परिवार : प्रत्येक बालबालिका सहयोगी परिवारमा हुर्किन्छन्।**
हामी परिवारहरूलाई सँगै वा एकजुट भएर बस्न सहयोग गर्दछौं। यदि बालबालिका आफू जन्मिएको परिवारमा हुर्किन सक्ने अवस्था नभएमा हामी उनीहरूलाई वैकल्पिक पारिवारिक वातावरणमा सकेसम्म दाजुभाइ दिदीबहिनीसँगै बसी जीवनपर्यन्त नाता-सम्बन्ध गाँसिरहन सकून् भन्ने कुरा सुनिश्चित गर्न सहयोग गर्दछौं।



**समुदाय : प्रत्येक बालबालिका सुरक्षित एवं सहयोगी समुदायका अंश हुन्।**
बालबालिका तथा युवाहरूको विकासका लागि सकारात्मक वातावरण सिर्जना गर्नको लागि हामी परिवारहरूलाई आफ्नो समुदायसँग सम्बन्ध कायम राख्न, आफ्ना अनुभवहरू आदानप्रदान गर्न, एकअर्कालाई सहयोग गर्न तथा मिलेर काम गर्न सहयोग गर्दछौं।



### बालबालिकाको सशक्तीकरण गर्नु

"म तिम्रा लागि निर्णय लिन सक्दिनँ। म तिमीले वास्तवमा के चाहन्छौ भन्ने कुरा खोज्न मद्दत गर्न सक्दछु र तिमीलाई मार्गनिर्देश गर्न सक्दछु, तर निर्णय भने तिमीले आफैं लिनुपर्दछ।"

अना, आफ्नी आमा आइरिनले कसरी उनलाई आफ्नो बाटो खोज्न मद्दत गर्नुभएको थियो भन्ने बारेको यो कथा सुनाउन असाध्यै मन पराउँदछिन्। २२ वर्षीय अना मनोविज्ञान र सामाजिक कार्य विषय पढ्दछिन्जुन विषयमा उनी रमाउँछिन् अनि त्यसमा अब्बल पनि छिन्। अना जर्जियाको एउटा एसओएस परिवारमा हुर्किइन् जहाँ उनी आठ वर्षकी हुँदा भर्ना गरिएकी थिइन्। आफ्नी आमा भनेर कुरा गर्दा उनले एसओएसकी आमा आइरिनको कुरा गरिरहेकी हुन्छिन्।

## एसओएस बालग्रामका मूल्य-मान्यताहरू

**साहस : हामी तत्काल कार्य गर्दछौं**

हामी बालबालिकाका लागि हाम्रो काममा निरन्तर नवीनता ल्याइरहन्छौं र स्थानीय समुदाय एवं प्रत्येक बालबालिकाका भिन्न वास्तविकताहरूलाई सम्बोधन गर्दछौं ।

**प्रतिबद्धता : हामी हाम्रा सङ्कल्पहरू पूरा गर्दछौं**

हामी बालबालिका तथा उनीहरूको समुदायप्रति दीर्घकालीन प्रतिबद्धता व्यक्त गर्दछौं र उनीहरूलाई जीवनमा सफल हुन सहयोग पुग्नेगरी गुणस्तरीय सेवा प्रदान गर्दछौं ।

**विश्वास : हामी एकअर्कालाई विश्वास गर्दछौं**

हाम्रो ध्येय प्राप्तिका लागि परस्पर विश्वासको वातावरण सिर्जना गरी सामूहिक कार्यको भावनाले हामी सम्पूर्ण सरोकारवालाहरूसँग काम गर्दछौं ।

**जवाफदेहीता : हामी भरपर्दा साझेदार हौं**

हामी बालबालिका, समुदाय, साझेदार र दाताहरूप्रति जवाफदेही छौं । गुणस्तरीय हेरचाह सुनिश्चित गर्नु हाम्रो सबैभन्दा ठूलो जिम्मेवारी हो ।



© Bjorn-Owe Holmberg

# हेरचाहका उपायहरू



हामी हाम्रा ध्येयद्वारा परिचालित छौं । परिवार आवश्यक भएका बालबालिकाका लागि परिवारहरू बनाइदिनु, बालबालिकालाई आफ्नो भविष्य बनाउन सहयोग गर्नु र उनीहरूलाई आफ्नो समुदायको विकासमा हिस्सेदार हुन सहभागी गराउनु हाम्रा ध्येयहरू हुन् ।

विश्वका धेरै स्थानहरूमा राजनैतिक, आर्थिक र सामाजिक पक्षसँग सम्बन्धित मूल कारणहरूले गर्दा बालबालिका उच्च तहको जोखिममा रहेका छन् र परिवारहरूलाई विग्रहको खतरा सम्मुख पुऱ्याइरहेको छ । प्रायः अवस्थामा ती मूल कारणहरूलाई सकेसम्म छिटो हस्तक्षेप गरेर तथा तिनलाई बहिष्कार गरी रोक्न सकिन्छ भन्ने कुरा हामीले थाहा पाएका छौं । यस्ता जोखिमपूर्ण परिस्थितिहरूमा रहेका बालबालिकाको अवस्थालाई सम्बोधन गर्ने प्रयास स्वरूप, एसओएस बालग्रामले परिपूरक सेवाहरू प्रदान गर्दछ जसले बालबालिकाको हेरचाहको आवश्यकता तथा उनीहरूलाई त्यस्तो अवस्थामा पुऱ्याउने मूल कारण दुवैलाई सम्बोधन गर्दछ ।

**हाम्रा हेरचाहका समाधानहरू सधैं देहायका पक्षहरूसँग तादम्य गरिएका हुन्छन् :**

- प्रत्येक बालबालिकाको सर्वोत्तम हित
- स्थानीय-नेतृत्वमार्फत गरिएको कार्यक्रमको समायोजनहरूबाट पूरा गर्न सकिने स्थानीय समुदायका आवश्यकताहरू
- हाम्रो कामलाई मार्गनिर्देश गर्ने अन्तराष्ट्रिय कार्यढाँचाहरू
- हाम्रो सङ्गठनका अनुभव तथा विशेषज्ञता

उपर्युक्त पक्षहरूअनुरूप हाम्रा हेरचाहका समाधानहरूमा वैकल्पिक हेरचाह, परिवारको सुदृढीकरण र गुणस्तरीय हेरचाहका लागि पैरवी तथा साझेदारी/ सहकार्य पर्दछन् ।

## वैकल्पिक हेरचाह

बालबालिकाको सर्वोत्तम हित अनुकूल भए अनुसार सम्बन्धित निकायसँगको सहमतिमा हामी बालबालिकालाई वैकल्पिक हेरचाह प्रदान गर्दछौं । हामीसँग दीर्घकालीन वैकल्पिक हेरचाह प्रदान गरेको ७० वर्षको अनुभव छ । त्यस्ता वैकल्पिक हेरचाहका स्वरूपमा हामीले **एसओएस परिवार** भन्ने गरेको परिवार जस्तै वातावरणमा राखेर गरिने हेरचाह तथा अरू प्रकारका वैकल्पिक हेरचाह जस्तो कि बालबालिकालाई हेरचाह गर्न ईच्छुक परिवारमा राखेर गरिने संरक्षक-परिवार हेरचाह (Foster care) तथा पेशागत दक्षता भएका हेरचाहकर्ताले आलोपालो अर्थात सिफ्टमा काम गरी हेरचाह प्रदान गर्ने प्रबन्धहरू (Small group homes) पर्दछन् । हरेक बालबालिकाका लागि सम्भव भएसम्म उपयुक्त किसिमको वैकल्पिक हेरचाह पहिचान गर्न हामी निरन्तर रूपमा एसओएस परिवारसँगको हाम्रा काममा नयाँपनको खोजी गर्दछौं र त्यसमा सुधार गर्दछौं । र, त्यसो गर्दा हामी आफ्ना अनुभव एवं दक्षताको उपयोग गर्दै साझेदार हरूसँग मिलेर उपयुक्त हेरचाहका समाधान खोजी गर्दछौं । यदि कुनै बालक वा बालिकालाई आफू जन्मिएको परिवारमा फर्काइनु उनको सर्वोत्तम हितमा हुन्छ भने हामी सक्रिय रूपमा त्यसमा सहयोग गर्दछौं र यस प्रकियालाई होशियारीपूर्वक अगाडि बढाउँदछौं । अन्य कुनै सङ्गठनसँग वैकल्पिक हेरचाह प्रदान गर्नमा हाम्रो जत्तिको गहिरो अनुभव छैन र यही अनुभवले नै हामीलाई परिवार सुदृढीकरण गर्न अनि पैरवी गर्न पर्याप्त आधार दिन्छ ।

## परिवार सुदृढीकरण

परिवारले पर्याप्त हेरचाह गरूञ्जेल बालबालिका आफू जन्मिएको परिवारमा बस्नु उनीहरूको सर्वोत्तम हितमा हुन्छ । सामुदायिक संस्थाहरू तथा सरकारसँगको साझेदारी/ सहकार्यमा, हामी जोखिममा रहेका परिवारहरूको सुदृढीकरणका लागि काम गर्दछौं ताकि परिवारको विग्रह हुन तथा परिवारबाट बालबालिका छुट्टिने अवस्थालाई रोक्न सकियोस् । परिवार सुदृढीकरण अन्तर्गत हामी नातेदार हेरचाह (Kinship care) का क्षेत्रमा पनि काम गर्दछौं, जसअन्तर्गत बालबालिकालाई बृहद परिवारका सदस्य (आमा वा बुवा तर्फको नातेदार) सँग बस्न सहयोग गरिन्छ । आवश्यकताअनुरूप हामी राज्य र अन्य सरोकारवालाहरूसँग साझेदारी/ सहकार्य गरी आधार भूत स्वास्थ्यस्याहार तथा गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गरेर बालबालिका तथा परिवारहरूलाई आत्मनिर्भर बनाउन सहयोग गर्दछौं ।

मानवीय सङ्कटको अवस्थाले स्वभाविक रूपमा परिवार विग्रह गराउन


© Katerina Ilievska

तथा सुरक्षा एवं जीविकोपार्जनमा क्षति गराउन सक्दछ । त्यस्तो अवस्थामा, हामी वयस्कको साथमा नरहेका (Unaccompanied) बालबालिका र युवाहरूलाई संरक्षण प्रदान गर्दछौं, सक्रिय रूपमा परिवारमा पुनर्एकीकरण गर्न सहयोग गर्दछौं, र परिवारमा परेको आघातको व्यवस्थापन गरी उनीहरूको पुनर्स्थापनामा सघाउँदछौं । परिवारमा पुनर्एकीकरण गर्न नसकिएका बालबालिकालाई हामी सम्बन्धित निकाय/अधिकारीसँग काम गरेर उपयुक्त हेरचाहको प्रबन्ध गर्दछौं ।

## गुणस्तरीय हेरचाहका लागि पैरवी तथा साझेदारी

हामी राज्य र समुदायहरूलाई आमाबाबुविहीन वा आमाबाबुको हेरचाह गुमाउने जोखिममा रहेका बालबालिकाप्रति आ-आफ्ना प्रतिबद्धता पूरा गर्न आह्वान गर्दछौं र तिनका प्रयासहरूमा सघाउँदछौं । यो कार्य बालबालिकाको वैकल्पिक हेरचाहका लागि संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशनद्वारा निर्देशित तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धिको प्रावधानहरूमा आधारित छ । हामी अभिभावकीय हेरचाहको क्षतिको रोकथाम गर्ने उपायहरूको लागि पैरवी गर्दछौं । हामी वैकल्पिक हेरचाहका लागि गुणस्तरीय मापदण्ड बनाउन तथा त्यसको कार्यान्वयनमा सहयोग गर्दछौं र ती मापदण्डको निरन्तर अनुगमनको लागि आग्रह पनि गर्दछौं । यसमा वैकल्पिक हेरचाहमा त्यसको वास्तविक आवश्यकता भएका बालबालिका मात्र पुगून् भनेर गरिने पहरेदारी (Gatekeeping), पुनर्एकीकरण, सामाजिक कार्यका क्षेत्रमा काम गर्ने मानव-स्रोत विकास र हेरचाहबाट विदाइको प्रक्रियाका लागि उपयुक्त सहयोग पर्दछन् । हामीले गर्ने पैरवीमा वैकल्पिक हेरचाह तथा परिवार सुदृढीकरणको क्षेत्रमा हामीले गरेका कामबाट प्राप्त भएका कुराहरूलाई प्रमाणका रूपमा प्रस्तुत गर्दछौं ।


© Claire Ladavicius

# हेरचाहसम्बन्धी प्रतिबद्धता




**चित्र १. हेरचाहसम्बन्धी हाम्रा प्रतिबद्धताहरू)**

## १ हामी पर्याप्त अभिभावकीय हेरचाह नपाएका बालबालिकामा ध्यान केन्द्रित गर्दछौं

हामी हाम्रा प्रयासहरू लक्षित समूहमा केन्द्रित गर्न प्रतिबद्ध छौं : लक्षित समूह भन्नाले अभिभावकत्व गुमाएका अथवा गुमाउने जोखिममा रहेका बालबालिका हुन् जो जोखिम अवस्थामा बाँचिरहेका छन् ।

दुर्भाग्यवश, धेरै बालबालिका पर्याप्त हेरचाह नपाएको अवस्थामा हुर्किन बाध्य छन्, फलस्वरूप उनीहरूले विभिन्न प्रकारका जोखिमहरूको सामना गर्नुपरेको छ । हामी ती बालबालिकासम्म पुग्ने लक्ष्य राख्दछौं । उनीहरू नै हाम्रा लक्षित समूह हुन् । राष्ट्रिय तहमा हामी त्यहाँको न्याय तथा बालसंरक्षणसम्बन्धी निकाय/ अधिकारीहरूसँग छलफल गरेर लक्षित समूह तय गर्दछौं ।


कुन समूहका बालबालिका हाम्रो लक्षित समूहमा पर्दछन् भन्ने कुरा निर्धारण गर्दा, हामी उनीहरूको हेरचाहसम्बन्धी अवस्थालाई प्रष्ट याउने तीनवटा मुख्य पक्षहरूलाई हेर्दछौं । ती तीन पक्षहरू हुन् : हेरचाहकर्ताको दीर्घकालसम्मको उपस्थिति, हेरचाहकर्ताको क्षमता तथा स्रोतहरू, र हेरचाहको स्थिरता । हामी बालबालिका आफ्ना आमाबाबुहरू (वा अन्य हेरचाहकर्ता) सँग बसिरहेका छन् वा छैनन्; उनीहरूका हेरचाहकर्ताहरूले पर्याप्त हेरचाह गरेका छन् वा छैनन्; र बालबालिका आमाबाबु (वा अन्य हेरचाहकर्ताहरू) बाट छुट्टिने जोखिममा रहेका छन् कि छैनन् भन्ने कुरालाई मनन गर्दछौं । त्यसो गरेपछि हामीले कुनै बालक वा बालिकाको हेरचाहको अवस्था के कति जोखिमपूर्ण छ भनेर थाहा पाउन सक्दछौं ।

बालबालिका तथा उनीहरूका परिवारहरूलाई जोखिममा पुऱ्याउने निर्दिष्ट कारकहरूका आधारमा हाम्रो लक्षित समूह कुनै स्थान विशेषअनुसार फरक-फरक देखिन सक्दछ । त्यसैले हरेक कार्यक्रममा हामी बालबालिकाको कुन समूह हाम्रो लक्षित समूहअन्तर्गत पर्दछ भनी निर्धारण गर्दछौं र त्यसको हामी नियमित समीक्षा गर्दछौं । यो कार्य होशियारीपूर्वक आङ्कलन गरिएको स्थानीय सन्दर्भ, परिवारको दृष्टिकोणमाथि गरिएको मनन (वा विचारविमर्श) तथा सम्बन्धित निकायहरूसँगको सहमति लगायतका पक्षमा निर्भर हुन्छ । सङ्कटको अवस्थाहरूमा भने हामी वयस्कको साथमा नरहेका एवं परिवारबाट अलग्गिएका बालबालिका तथा विग्रहको जोखिममा रहेका परिवारहरूमा केन्द्रित हुन्छौं ।

कुन समूहका बालबालिका हाम्रो लक्षित समूहमा पर्दछन् भनी निर्धारण गर्दा हामी उनीहरूको सामाजिक-आर्थिक स्थिति, लिङ्ग, जातियता, आस्था, यौनिक झुकाव वा विशेष आवश्यकताहरूका आधारमा कुनै भेदभाव गर्दैनौं । यसको साथै, कुनै खास समूहका बालबालिका, जस्तै बालसैनिक, लामो समयसम्म सडकमा आश्रित बालबालिका वा जीवनपर्यन्त हेरचाह आवश्यक पर्ने विशेष आवश्यकता भएका बालबालिका, आदि सँग काम गर्नको लागि भने हामी सर्वोत्कृष्ट संस्था होइनौं भन्ने कुरा स्वीकार्दछौं । त्यस्तो परिस्थितिमा रहेका बालबालिकालाई धेरैजसो विशिष्ट खालका सेवाहरूको आवश्यकता पर्दछ जसको लागि हामीसँग विशेषज्ञता छैन । सम्भव भएसम्म, हामी ती बालबालिकाका लागि उपयुक्त हेरचाहको उपाय पहिचान गर्न सहयोग गर्दछौं ।




**चित्र २. हाम्रा लक्षित समूहको पहिचान**




## पेरु : सबैभन्दा जोखिमपूर्ण अवस्थामा रहेका परिवारहरूको पहिचान

एसओएस बालग्राम, पेरुले विभिन्न तहको जोखिममा रहेका परिवारहरूबीच फरक छुट्याउन परिवारको अवस्थालाई विभिन्न तहमा परिभाषित गरेको छ । यसले उनीहरूलाई पारिवारिक विग्रहको उच्च जोखिममा रहेका परिवारहरूको पहिचान गर्न र सहयोग अत्यावश्यक परेका परिवारहरूमा बढी प्रभावकारी रूपमा पुग्न सहज बनाएको छ । प्रायः यी परिवारहरूमा बालबालिका अत्यन्त गरिबीमा बाँचिरहेका मात्र हुँदैनन्, उनीहरूले तीव्र रूपमा जकडिएका अन्य समस्याहरू पनि बेहोर्नु परिरहेको हुन्छ । त्यस्ता समस्याहरूमा घरेलु हिंसा, दुर्व्यसनसँग गाँसिएका सवालहरू, अथवा परिवारका सदस्यहरू दीर्घरोगी भएको आदि हुन सक्दछन् । सन् २०१७ मा परिवारहरूलाई उच्च जोखिमी अवस्थाबाट बाहिर निस्कन वा सामना गर्न सघाउनको लागि काम गरेबापत पेरु सरकारले एसओएस बालग्राम काजामार्का र कुस्कोलाई सम्मान गरेको थियो ।

# २ हामी एसओएस बालग्रामलाई बालबालिकाको हेरचाह तथा संरक्षणका लागि निर्दिष्ट कार्यक्रमको रूपमा राख्दछौं

**हामी जुन समुदायमा काम गर्दछौं त्यहाँ दीर्घकालसम्म क्रियाशील रहने तथा स्थानीय रूपमा अङ्गीकार गरिएका सेवाहरू लागु गर्न प्रतिबद्ध छौं । हाम्रा प्रत्येक कार्यक्रमले वैकल्पिक हेरचाहका गुणस्तरीय स्वरूपहरू तथा परिवार सुदृढीकरण सेवाहरू प्रदान गर्दछ र तिनको प्रवर्द्धन गर्दछ । हाम्रो लक्षित समूहका आवश्यकताहरू अन्यत्रबाट सम्बोधन नभएको खण्डमा भने हामी उनीहरूलाई स्वास्थ्यस्याहार, शिक्षा तथा आकस्मिक मानवीय सहयोग समेत उपलब्ध गराउँदछौं ।**

हाम्रो कार्यक्रमहरू हेरचाहका सम्बन्धमा दक्षता, स्रोत र नवीनताको केन्द्र नै हुन् । यी कार्यक्रमहरूको माध्यमबाट नै हामी समुदायहरूमा देखिने खालको एवं दिगो उपस्थिति कायम राख्दछौं । र, लक्षित समूहको अवस्थालाई राम्ररी सम्बोधन गर्ने खालका विभिन्न सेवाहरू प्रदान गर्दछौं । हाम्रो कार्यक्रम सँधै खुला स्थानको रूपमा रहन्छ जहाँबाट हामी बालबालिकाको हेरचाह तथा संरक्षणको प्रवर्द्धन गर्दछौं अनि उनीहरूको बृहत्तर विकासका लागि एक उत्प्रेरकको भूमिका निर्वाह गर्दछौं । बालबालिका, परिवार तथा साझेदारहरू जस्तै समुदायमा आधारित संस्थाहरूले बलियो तथा सक्रिय सञ्जालहरू निर्माण गर्नको लागि हाम्रा कार्यक्रमहरूबाट सहयोग पाउँदछन् ।

हाम्रा प्रत्येक कार्यक्रमहरू "एसओएस बालग्राम" का नामले चिनिन्छन् । यसले एक समुदाय वा समुदायहरूबीचमा आदानप्रदान गरिने सेवाहरूको समग्रतालाई प्रतिनिधित्व गर्दछ । हामी यी सेवाहरूलाई स्थानीय सन्दर्भ अनुकूल बनाउँदछौं र तिनमा निरन्तर सुधार गर्दछौं ।




चित्र ३. एसओएस बालग्रामका विशेषताहरू

आवश्यकता भएको खण्डमा हामी बालबालिकालाई एसओएस परिवार हेरचाह प्रदान गर्दछौं जहाँ लामो समयसम्म हेरचाह आवश्यक परेका बालबालिका परिवारजस्तै वातावरणमा हुर्कन सक्दछन् । एसओएस परिवारहरू सधैं एकअर्काको नजिक बस्छन् ता कि उनीहरूले परस्पर सहयोग गर्ने परिपाटी वा सञ्जाल बनाउन सकून् ।

बालबालिका आमाबाबु/ अभिभावकबाट वा यदि उनीहरू नातेदार हेरचाहमा छन् भने बृहद परिवारबाट अलग हुनबाट रोक्न सकियोस् भनी हामी परिवार सुदृढीकरण सेवाहरू पनि प्रदान गर्दछौं । हामी परिवारहरूसँग प्रत्यक्ष रूपमा काम गरेर वा परिवारहरूलाई सहयोग गर्नसक्ने गरी समुदायको सशक्तीकरण गरेर बालबालिकाका लागि गुणस्तरीय हेरचाह प्रदान गर्ने परिवारहरूको क्षमतामा सुधार गर्ने लक्ष्य राख्दछौं ।

यदि सान्दर्भिक भएमा तथा उपयुक्त कानूनी संरचना भएको स्थानमा भने हामी वैकल्पिक हेरचाहका अन्य स्वरूपहरूबारे पनि मनन गर्दछौं । यसमा, बालबालिकालाई हेरचाह गर्न ईच्छुक परिवारमा राखेर गरिने हेरचाह (Foster care), पेशागत दक्षता भएका हेरचाहकर्ताले आलोपालो अर्थात सिफ्टमा काम गरी हेरचाह प्रदान गर्ने प्रबन्धहरू (Small group homes) वा हेरचाहका अन्य विकल्पहरू पर्दछन् । यस दस्तावेजमा उल्लेख गरिएका हेरचाहसम्बन्धी प्रतिबद्धताअनुरूप हामी वर्तमानमा हेरचाह प्रदान गरिरहेका व्यक्ति तथा परिवारहरूसँग काम गरी उनीहरूलाई हेरचाहको गुणस्तर सुधार गर्न मद्दत गर्दछौं । हामीसँग आवश्यक दक्षता भएमा तथा स्थानीयस्तरमा स्रोतहरू उपलब्ध भएमा भने हामी त्यस्ता हेरचाहका विकल्पहरू प्रत्यक्ष रूपमा नै प्रदान गर्न सक्दछौं ।

प्राकृतिक वा मानव-सिर्जित विपद्हरूले निम्त्याएको मानवीय सङ्कटको अवस्थाहरूमा समेत हाम्रा कार्यक्रमहरूले बालबालिकालाई हेरचाह तथा संरक्षण प्रदान गर्नुका साथै तिनको हकहितको प्रवर्द्धन गर्दछ । सङ्कटको अवस्थामा हामी परिवारबाट बालबालिका अलग्गिनबाट रोक्नका लागि तथा परिवारबाट छुट्टिएका बालबालिकालाई पुनर्एकीकरण गर्नका लागि सहयोग गर्दछौं । आवश्यक परेको खण्डमा हामी अल्पकालीन हेरचाह सेवा समेत उपलब्ध गराउँदछौं ।

प्रमाणमा आधारित पैरवीका प्रयासहरूमार्फत हामी समुदाय तथा राज्यहरूलाई स्थानीय रूपमा सान्दर्भिक हेरचाहका स्वरूपहरू उपलब्ध गराउन आह्वान गर्दछौं । परिवार विग्रहका मूल

कारकहरूविरूद्ध लड्नका लागि हामी समुदाय तथा राज्यहरूसँग मिलेर काम गर्दछौं ।

बालबालिकालाई सँधै संस्थागत हेरचाहमा राखिरहने एवं बालबालिकाको अधिकार उल्लङ्घन गर्ने कुनै पनि खालको हेरचाहको स्वरूप भने कहिल्यै उपयुक्त विकल्प हुन सक्दैन । आफ्ना आवश्यकता तथा अधिकारहरूको सम्बोधन गरिने गरी प्रत्येक बालबालिकाले वैयक्तिक प्रकृतिको गुणस्तरीय हेरचाहमा हुर्कन पाउनुपर्दछ । र, त्यस्तो हेरचाह सेवा बालबालिकाको आफ्नै समुदाय एवं बृहत्तर समाजमा राम्ररी एकीकृत गरिएको हुनुपर्दछ । त्यसैले पनि हामी बालबालिकाको हेरचाहको अवस्थामा सुधार गर्न तथा नि-संस्थाकरण गर्नका लागि एक मुख्य सन्दर्भ-सामग्रीका रूपमा बालबालिकाको वैकल्पिक हेरचाहका लागि संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशनको सक्रियताका साथ प्रवर्द्धन गर्दछौं ।




चित्र ४ : स्थानीयस्तरमा सान्दर्भिक हेरचाहका विकल्पहरू उपलब्ध गराउने तथा सोको प्रवर्द्धन गर्ने



## फिलिपिन्स : चुनौतीपूर्ण परिस्थितिमा सेवाहरूको समायोजन

सन् २०१३ मा फिलिपिन्सको ताक्लोबान सहरमा विध्वंसकारी आँधी आउँदा एसओएस बालग्रामले आकस्मिक राहत कार्यक्रम सञ्चालन गरेको थियो । त्यस स्थानमा केही दशकसम्म एसओएस परिवार हेरचाह प्रदान गरेका कारणले, एसओएस बालग्राम सरकार तथा अन्य साझेदारहरूसँग सुदृढ कार्य-सम्बन्ध भएको एक विश्वासिलो गैरसरकारी संस्था बनेको थियो । यस विपत्तिको लगत्तै (सञ्चालन गरिएको) बालबालिका-मैत्री स्थानहरूले बालबालिकाको जीवनमा केही सहजता ल्यायो, नत्र स्थिति भयावह हुन सक्दथ्यो । एसओएस बालग्रामले लक्षित समूहमा देखिएको परिवर्तित परिस्थितिमा आफ्नो दीर्घकालीन सम्बोधनलाई समायोजन गऱ्यो । आँधीका कारण आमाबाबु/ अभिभावक गुमाएका सयौं बालबालिकाले आफ्ना बृहद परिवारहरूमा आश्रय पाउन सकेका थिएनन् । यिनै बालबालिकालाई लक्षित गरी एसओएस बालग्रामले नातेदार हेरचाहमा सघाउने कार्यक्रम सुरु गऱ्यो ।



© Katerina Ilievska

### अस्ट्रिया : बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न सेवाहरूमा नवीनता दिइयो

प्रत्येक बालबालिकाको सर्वोत्तम हित पूरा गर्न तथा परिवर्तित वातावरणमा हेरचाहलाई समायोजन गर्नको लागि एसओएस बालग्राम इम्स्टले वैकल्पिक हेरचाहका स्वरूपहरूको सफलतापूर्वक कार्यान्वयन गरेको छ। नयाँ सेवाहरू सुरु गर्दा, (बालग्राम) कार्यक्रमले सधैं बालबालिकाका लागि स्थिर सम्बन्ध बनाउन तथा एउटा मायालु परिवार सुनिश्चित गर्न सकियोस् भनेर काम गर्दछ। हाल आएर एसओएस आमाहरूले केही परिवारहरू मात्र चलाइरहनुभएको छ भने र अन्य परिवारहरूलाई भने संस्थाले भिन्न प्रकारले सहयोग पुऱ्याइरहेको छ । यसको अलावा, परिवार परामर्श सेवा तथा सङ्कट व्यवस्थापनमा सहयोग गर्नुका साथै आफ्ना छोराछोरीको जीवन तथा उनीहरूको हुर्काइमा सक्रिय भूमिका खेल्न आमाबाबु/ अभिभावकहरूलाई सबल बनाएर बालबालिका र जन्म दिने आमामाबुसँगको सम्बन्ध प्रगाढ बनाउने गरिएको छ । एसओएस बालग्राम इम्स्टले समुदायका जोखिमको अवस्थामा रहेका परिवारहरूको सुदृढीकरण समेत गर्दछ । हालसालै, बालग्राम कार्यक्रमले खासगरी बालबालिका र युवाहरूलाई आफन्तहरूसँग बस्न एवं आवश्यक भएमा विशेषज्ञ सहयोग प्राप्त गर्न सक्षम बनाउने गरी शरणार्थी परिवारहरूसँग काम गर्न सुरु गरेको छ ।


## ३ हामी परिवारको सुदृढीकरण तथा सशक्त रूपमा वैकल्पिक हेरचाहमा त्यसको वास्तविक आवश्यकता भएका बालबालिका मात्र पुगून् भनेर गरिने पहरेदारीलाई प्रवर्द्धन गर्दछौं र हरेक बालबालिकाका लागि हेरचाहको सर्वोत्तम विकल्प भएको सुनिश्चित गर्दछौं

हामी प्रत्येक बालबालिकाका लागि उनीहरूको सर्वोत्तम हितअनुरूप हुनेगरी तथा जिम्मेवार निकाय/ अधिकारीसँग साझेदारी/ सहकार्य वा समन्वय गरी सबैभन्दा उपयुक्त हेरचाहको विकल्प खोजी गर्न प्रतिबद्ध छौं ।

आफू जन्मेको परिवार नै बालबालिका हुर्किनको लागि सबैभन्दा उत्तम स्थान हो । हाम्रा स्थानीय रूपमा सान्दर्भिक परिवार सुदृढीकरण सेवाहरूमार्फत हामी जोखिममा रहेका परिवारहरूलाई सँगै बस्न या भनौं विग्रह हुनबाट बचाउनको लागि सहयोग गर्दछौं । परिवारहरू विग्रह हुँदा तथा उनीहरूले आफ्ना बालबालिकालाई गुणस्तरीय हेरचाह गर्न नसकेको खण्डमा हामी नातेदार हेरचाहका साथै वैकल्पिक हेरचाहका अरु सम्भावनाहरूको खोजी गर्दछौं र तीमध्येबाट सबैभन्दा उपयुक्त हेरचाहको विकल्प रोज्दछौं ।

हामी सम्बन्धित निकायहरूलाई लेखाजोखा तथा र निर्णय-प्रक्रियामा सहयोग प्रदान गर्दछौं । हामी उमेर सुहाउँदो गरी बालबालिका र परिवार दुवैको सहभागिता प्रवर्द्धन गर्दछौं । यो कार्य बालबालिकालाई हानि नपुग्नेगरी वा उनीहरूलाई थप आघात नपर्नेगरी गरिन्छ । दाजुभाइ दिदीबहिनीहरू सँगै हुर्कन पाउनेगरी तथा उमेर, लिङ्ग, आस्था, विशेष आवश्यकताहरू, स्वास्थ्य स्थिति, भौगोलिक स्थिति र त्यहाँ बस्ने अपेक्षित अवधि जस्ता कारकहरूमाथि विचार गरी बालबालिकाको हेरचाहको उत्कृष्ट उपाय खोज्न हामी सक्दो प्रयास गर्दछौं ।

वैकल्पिक हेरचाहमा रहँदा बालबालिकाको अहित नहुनेगरी हामी बालबालिका र उनीहरू जन्मिएको परिवारबीचको सम्बन्ध सुदृढ बनाउन प्रोत्साहन गर्दछौं । हामी नियमित रूपमा बालबालिकालाई राखिएको वैकल्पिक हेरचाहको स्थान तथा स्वरूपको समीक्षा गर्दछौं। यसो गर्नुको मुख्य आशय बालबालिकाको सर्वोत्तम हित अनुकूल सबै स्वरूपका हेरचाहका विकल्पहरूको खोजी गर्नु हो । यस अन्तर्गत, यदि उपयुक्त भएमा, बालबालिकालाई उनीहरू जन्मेको परिवारमा पुनर्एकीकरण गराउने कार्य पनि पर्दछ ।




चित्र ५: बालबालिकाको लागि हेरचाहको उपयुक्त विकल्पको पहिचान


© Sebastian Posingis


© Katerina Ilievska

## रसिया : वैकल्पिक हेरचाहको आवश्यकतालाई रोकथाम गरिएको

पाँच वर्षका अन्ड्रेज आफ्नी आमा निका, हजुरआमा र तीन जना दिदीबहिनीहरूसँग सेन्ट पिटर्सबर्गमा एउटा साँघुरो कोठामा बस्दथे । त्यसरी अति भीडभाडयुक्त, चिसो र हिलोमैलो भएको अपार्टमेन्टमा त्यस्तो परिस्थितिमा बसेका पाइएकाले स्थानीय अधिकारीहरू बालबालिकालाई वैकल्पिक हेरचाहमा पठाउनुपर्दछ भन्ने निर्णयमा पुगे । एसओएस बालग्रामको परिवार सुदृढीकरण कार्यक्रमका टोलीले बालकल्याण अधिकारीलाई परिस्थितिमा आवश्यक सुधार गर्नको लागि उक्त परिवारलाई केही समय दिनुपर्ने कुरामा विश्वस्त बनायो । टोलीका सदस्यहरूले उक्त परिवारसँग मिलेर स्वस्थ जीवनयापनको लागि चाहिने वातावरण बनाउन काम गरे र निकालाई नयाँ काम (रोजगार) खोज्न सहयोग गरे, किनभने उनको पुरानो काममा लामो समय काम गर्नुपर्ने भएकाले बालबालिकासँगको उनको सम्बन्ध तनावयुक्त पनि बनेको थियो । उनले पाएको मनोविमर्शले बालबालिकाको हेरचाह गर्ने उनको सीपमा समेत सुधार ल्यायो । अनि, बालकल्याण अधिकारीले एन्ड्रेज र उनका दिदीबहिनीहरूको राम्रो हेरविचार गर्न निका सक्षम रहेको तथा उनीहरूलाई वैकल्पिक हेरचारमा राख्नु आवश्यक नभएको कुरा स्वीकार गरे ।

## श्रीलङ्का : सर्वोत्तम हेरचाह विकल्प सुनिश्चित गर्नको लागि सशक्त पहरेदारी

श्रीलङ्काका एसओएस बालग्रामहरूमा सम्बन्धित न्यायिक निकाय/ अधिकारीहरूले बालबालिकालाई वैकल्पिक हेरचाहमा राख्दछन् । सम्पूर्ण एसओएस बालग्रामका निर्देशकहरू तथा राष्ट्रिय बोर्ड संलग्न भएको एउटा टोलीले बालबालिका भर्नाको लागि देशको सामाजिक र कानूनी सन्दर्भ समेतलाई आधार मानी आन्तरिक शर्त तथा प्रक्रिया विकसित गरेको छ । उक्त शर्त तथा प्रक्रियाबारे अदालत तथा अन्य निकाय/ अधिकारीहरूलाई जानकारी गराइएको छ । एसओएस बालग्रामहरूले प्रदान गर्ने हेरचाहका विकल्पहरूबारे विचार गरिँदा ती निकाय/ अधिकारीहरूले एसओएस बालग्रामको लक्षित समूहमा पर्ने बालबालिकालाई नै प्राथमिकता दिने गरेका छन् । एसओएस बालग्रामलाई बालबालिकाको सम्भावित भर्नाबारे खबर गरिएपछि, बालग्राम कार्यक्रमको बालबालिका भर्ना समितिले उक्त बालक वा बालिकाको घटनालाई विश्लेषण गरी निजलाई भर्ना गर्नु वास्तवमै उपयुक्त भए, नभएको निर्णय गर्दछ ।


©Bjørn-Owe Holmberg

# ४ हामी हाम्रा सम्पूर्ण कार्यक्रमहरूमा बालबालिकाका लागि सुरक्षित वातावरण सिर्जना गर्दछौं

हामी हाम्रा सम्पूर्ण कार्यक्रमहरूमा संस्थाको बालसंरक्षण नीति, अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासहरूसँग तादम्य हुनेगरी बालबालिकाको संरक्षण एवं सुरक्षाका उपाय एवं प्रक्रियाहरू लागू गरी सँधै उनीहरूका लागि सुरक्षित वातावरण सिर्जना गर्न प्रतिबद्धता व्यक्त गर्दछौं । हामी हाम्रा साझेदारहरूले पनि त्यसै गरून् भन्ने कुरामा जोड दिन्छौं ।

परिवार, साथी, हेरचाहकर्ता र समुदायहरूमा/ सँग रहँदा बालबालिकाको दैनिक जीवनमा उनीहरूका लागि बालसंरक्षण र सुरक्षित वातावरणको अर्थ के हो भनेर बुझ्नका लागि हामी उनीहरूको भनाइ (वा आवाज) सुन्दछौं । हामी बालबालिकाका विचारहरूलाई गम्भीरतापूर्वक लिन्छौं र उनीहरूको योगदानलाई बालसंरक्षण वा सुरक्षाका उपायहरूको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सम्बोधन गर्दछौं ।

बालबालिकालाई खतराजन्य, जोखिमपूर्ण, हिंसात्मक र दुर्व्यवहारपूर्ण परिस्थितिहरूबाट संरक्षण गर्नको लागि स्वयं बालबालिका, आमाबाबु/अभिभावक, हेरचाहकर्ता, शिक्षक, बालबालिकाको जन्म भएको परिवार तथा समुदायका सदस्यहरूलाई आवश्यक ज्ञान र सीपहरूसहित सक्षम बनाउनका लागि हामी रोकथाममूलक तथा जनचेतना जगाउने उपायहरू तर्जुमा गर्दछौं । बालबालिकामाथि हुने लैङ्गिक हिंसा, यौन-हैरानी वा जबर्जस्ती, दुर्व्यवहार तथा शोषण, दुर्व्यवहारजन्य अनुशासनात्मक क्रियाकलापहरू र अन्य किसिमका भेदभाव लगायतका हिंसाको रोकथामका लागि हामी विशेष रूपमा केन्द्रित हुनेछौं ।

प्रत्येक हेरचाहका स्वरूपहरूमा हुनसक्ने तथा साझेदारी सम्बन्ध वा समुदायहरूमा हुनसक्ने बालसंरक्षण वा सुरक्षा जोखिमहरूको मूल्याङ्कन, विश्लेषण गरी तिनलाई न्यूनीकरण गर्नका लागि तत्स्थान विशेषलाई लक्षित गरी हामी संरक्षणका उपायहरू लागु गर्दछौं । साथै, मानव संशाधन, सञ्चार वा कोष सङ्कलन लगायत संस्थाको कार्यात्मक क्षेत्रहरूसँग सम्बन्धित पक्षमा समेत बालसंरक्षण वा बालसुरक्षा जोखिमहरूको मूल्याङ्कन, विश्लेषण गरी एवं तिनलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउँदछौं । हामी नियमित रूपमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप किपिङ्ग चिल्ड्रेन सेफ (Keeping Children Safe) द्वारा प्रवर्द्धन गरिएको लेखाजोखा (अडिट) सँग मेल खानेगरी आन्तरिक एवं बाह्य क्षेत्रबाट बालसंरक्षण एवं बाल-सुरक्षा लेखाजोखा (Child Safeguarding Audit) गराउँदछौं ।

हामी बालबालिकाको संरक्षण एवं सुरक्षाका लागि स्पष्ट अपेक्षाहरू तथा जिम्मेवारीहरू परिभाषित गर्दछौं । र, बालबालिका, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई बालसंरक्षणका सवाल उठाउन तथा त्यसबारे उजुरी दिन सघाउन रिपोर्ट गर्ने एवं 'आवाज उठाउने एवं उजुरी गर्ने' (Whistleblowing) संयन्त्रहरू स्थापना गर्दछौं । यदि बालदुर्व्यवहार भयो भने के गर्नुपर्दछ भन्नेबारे हामीलाई थाहा छ । हामी संस्थाभित्र स्पष्ट रूपमा परिभाषित कार्यविधिमार्फत् तुरुन्त र प्रभावकारी रूपमा बालदुर्व्यवहारलाई सम्बोधन गर्दछौं । यसमा, आवश्यक एवं उपयुक्त भएमा जिम्मेवार निकाय/ अधिकारीसमक्ष रिपोर्ट गर्ने कुरा पनि पर्दछ । हामी प्रभावित बालक वा बालिकालाई निजको व्यक्तिगत आवश्यकताअनुसार सहयोग तथा परामर्श प्रदान गर्दछौं । हामी हाम्रा साझेदारहरूबाट पनि त्यही नै अपेक्षा गर्दछौं र यी प्रक्रियाहरूमा उनीहरूलाई सहयोग गर्दछौं ।

यसको अलावा, हामी समुदायहरूलाई बेवास्ता वा हेलचेक्रयाइँ र दुर्व्यवहारलाई अस्वीकार्य भएको कुरामा विश्वस्त तुल्याउनका लागि हामी वकालत/ पैरवी गर्दछौं । हामी हिंसा, दुर्व्यवहार, शोषण तथा बेवास्ता वा हेलचेक्रयाइँविरुद्ध जनचेतना जगाउँदछौं र मानिसहरूले पनि बालबालिकाविरुद्धका त्यस्ता हानिहरूबारे थाहा पाएमा आवाज उठाऊन् भन्ने चाहन्छौं । हामी हाम्रा लक्षित समूहका हितमा विद्यमान समुदायमा आधारित बालसंरक्षण एवं बालसुरक्षा प्रणालीहरूको सुदृढीकरण समेत गर्दछौं ।




**चित्र ६. बालसंरक्षण एवं बालसुरक्षाको सुनिश्चितता**



© Gunter Bieringer

## बालबालिकाको सुरक्षा सबैको सरोकारको विषय हो

एसओएस बालग्रामको बालसंरक्षण नीति अन्तर्राष्ट्रिय सिनेटबाट सन् २००८ मा स्वीकृत गरिएको थियो र यस नीतिले बालबालिकालाई सुरक्षित राख्ने हाम्रो प्रतिबद्धताबारे विस्तृत रूपमा उल्लेख गरेको छ। "बालबालिकाको सुरक्षा सबैको सरोकारको विषय हो" भन्ने सशक्त सन्देश यस नीतिले दिएको छ।

एसओएस बालग्राम, बालबालिकाको हेरचाह गर्ने संस्थाहरूमा बालसंरक्षण एवं बालसुरक्षा प्रवर्द्धन गर्ने एउटा सञ्जाल,अको एक सदस्य हो। किपिङ्ग चिल्ड्रेन सेफले एउटा प्रमाणीकरण योजना सुरु गरेको छ जसमा बालबालिकाको हेरचाह सेवा प्रदान गर्ने संस्था तथा सेवा प्रदायकहरूको अन्तर्राष्ट्रिय बालसंरक्षण एवं बालसुरक्षा मापदण्डअनुरूप मूल्याङ्कन गरिन्छ। एसओएस बालग्रामले सन् २०१७ मा बालसंरक्षण तथा बालसुरक्षामा तह १ को प्रमाणीकरण पायो र भविष्यमा तह २ मा पुग्नका लागि संस्थाले गम्भीर रूपले काम गरिरहेको छ।

# ५ हामी बालबालिकाको हेरचाह गर्ने पेशालाई प्रवर्द्धन गर्दछौं र निरन्तर त्यसको सुदृढीकरण गर्दछौं

**हेरचाहमा संलग्न पेशाकर्मीहरूको महत्वपूर्ण भूमिकालाई प्रवर्द्धन गर्न हामी प्रतिबद्धता व्यक्त गर्दछौं। हामी यस पेशामा सामेल हुने उत्कट इच्छा तथा समर्पण दुवैलाई जगेर्ना गर्दछौं र सीपविकासका लागि प्रोत्साहित गर्दछौं। हामी यो कार्य गर्दछौं किनभने हरेक दिन आफूले भर गर्ने व्यक्तिसँग विश्वासिलो सम्बन्ध गाँस्नु अनि गुणस्तरीय हेरचाह पाउनु बालबालिकाको अधिकार हो।**

बालबालिका र हेरचाहकर्ताबीचको विश्वासिलो तथा भरपर्दो सम्बन्धले बालबालिकालाई मायाममता एवं सुरक्षाको अनुभव गर्नसक्ने बनाउँछ र यही नै हाम्रो कामको सारतत्व हो। यो लक्ष्य प्राप्त गर्नका लागि हामीले वैकल्पिक हेरचाह तथा परिवार सुदृढीकरण दुवै (कार्यक्रम) मा स्नेही पारिवारिक वातावरण सिर्जना गर्नको लागि सही ज्ञान र सीपहरू भएको स्थिर हेरचाहकर्ता बालबालिकाले पाएको सुनिश्चित गर्नुपर्दछ।

सम्पूर्ण हेरचाह पेशाकर्मीहरू छनौट गरिँदा गुणस्तरीय भर्ना प्रक्रिया अपनाइन्छ। त्यस्ता पेशाकर्मीहरूमा एसओएस आमा, एसओएस अभिभावक, युवा हेरचाह कार्यकर्ता तथा परिवार सुदृढीकरणमा संलग्न फिल्ड कार्यकर्ताहरू पर्दछन्। हामी बालबालिकाको हेरचाहप्रति वास्तवमा नै प्रतिबद्धता भएका, हाम्रो लक्ष्यलाई मनन गर्नसक्ने एवं बालबालिका तथा युवाहरूका लागि अनुकरणीय व्यक्तित्व बनेर काम गर्नसक्ने मानिसहरू छनौट गर्ने कुरा सुनिश्चित गर्दछौं।

सम्पूर्ण हेरचाह पेशाकर्मीहरूका लागि हामीले काम गर्ने वातावरण उपयुक्त भएको सुनिश्चित गर्दछौं। साथै, उनीहरूका लागि पर्याप्त पारितोषिक (तलब, भत्ता) तथा लाभहरू सुनिश्चित गर्दछौं जुन निष्पक्ष एवं पारदर्शी हुने गर्दछ। निरन्तर तालिम, विकास एवं परामर्शका अवसरहरू उपलब्ध गराई हामी उनीहरूमा उपयुक्त सीप, ज्ञान तथा प्रवृत्ति भएको सुनिश्चित गर्दछौं। असल अभ्यासहरू एवं सिकाइको आदानप्रदान गर्न हामी (पेशाकर्मीहरूकाबीच) सञ्जाल बनाउन समेत प्रोत्साहन गर्दछौं।

हेरचाह पेशाकर्मीहरूको कामले गर्ने मागलाई दृष्टिगत गरी हामी उनीहरूलाई पेशागत जीवन तथा निजी जीवनबीच सन्तुलन कायम राख्न मद्दत गर्दछौं। र, उनीहरूका आफ्ना जीवनसाथी तथा आफूले जन्माएका छोराछोरीप्रतिका दायित्वलाई सम्मान गर्दछौं। हामी, उनीहरूका प्रयास एवं चुनौतीहरूको पहिचान गर्दछौं र उनीहरूलाई पेशागत विकासमा प्रगति गर्न सघाउँदछौं।

हामी समाजमा हेरचाह पेशाकर्मीहरूको स्थिति एवं प्रतिष्ठामा सुधार ल्याउन निरन्तर काम गर्दछौं। हामीले यो कार्य हेरचाह पेशाकर्मीहरूको कानूनी मान्यता बढाएर तथा उनीहरूको सञ्जाल बनाउन प्रोत्साहन गरेर पूरा गर्दछौं।

हेरचाह पेशाकर्मीहरूसँगको हाम्रो सम्पूर्ण काममा हामी लैङ्गिक समानताको अवधारणा समाहित गर्दै लैङ्गिक भेदभावलाई उन्मुलन गर्दछौं।




चित्र ७. हेरचाह पेशाको सुदृढीकरण




### “बालबच्चाहरू राम्रा शिक्षक हुन्”

“एसओएस बालग्राममा मैले काम गर्न पाएँ, केही पैसा कमाएँ र त्यसको साथसाथै एसओएस आमाका रूपमा तालिम पनि पाएँ । मेरो पेशामा थुप्रै वर्ष तालिममा बिताएपछि मात्र वास्तविक कामको अनुभव लिन पाइने हुन्छ तर मैले भने तुरुन्तै काममा खटिन पाउनु साँच्चिकै ठूलो कुरा थियो । त्यसैले मैले पहिलो दिनदेखि नै बालबालिकासँग काम गरें, र ती बालबच्चाहरू मेरा लागि राम्रा, साह्रै राम्रा शिक्षक थिए । म विदामा हुँदा वा एसओएस परिवारमा नहुँदा भने आफ्नै डेरामा जान्छु । मेरा साथीसँगीहरूलाई भेट्छु; म पढ्न मन पराउँछु; म मेरा आमाबाबुलाई भेट्छु र कहिलेकाहीँ मेरो भाइलाई भेट्न जान्छु । मलाई सिनेमा हेर्न जान मन पर्छ अथवा कफी पिउँदै साथीहरूसँग गफिन मन लाग्दछ । म त्यो मन पराउँछु ।”

**एसओएसका एकजना आमा, एसओएस बालग्राम भियना, अष्ट्रिया**



# ६ हामी एसओएस परिवारहरू तथा जोखिममा रहेका परिवारहरूलाई समुदायमा एकीकृत हुन सक्षम बन्न सघाउँदछौं

**हामी एसओएस परिवारहरू तथा जोखिममा रहेका परिवारहरूलाई सामुदायिक जीवनमा समायोजन हुन मद्दत गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । यसको लक्ष्य बालबालिका र युवाहरूले दरिलो सामाजिक सञ्जाल निर्माण गरून् भन्ने नै हो जसले उनीहरूलाई जीवनभरि सहयोग पुगोस् ।**

एसओएस परिवार हेरचाह कार्यक्रममा, हामी सम्भव भएसम्म उपल्लो हदको स्वायत्तता दिई एसओएस परिवारहरूको सामाजिक समायोजनलाई प्रवर्द्धन गर्दछौं जसले गर्दा ती परिवारहरूले स्नेही एवं पालनपोषणयुक्त पारिवारिक वातावरण बनाउन सक्दछन् । उनीहरूले कुनै पनि अस्वभाविक लाग्ने तथा संस्थागत व्यवधानहरू नव्यहोरीकन नै आफ्ना छिमेकीहरू तथा बृहद समुदायसँग सजिलै अन्तर्क्रिया गर्न सक्दछन् । स्थानीय सन्दर्भको जीवनस्तर स्वीकार गर्दै हामी समुदायमा समायोजन गर्ने कार्यको लागि थप सहजीकरण गर्दछौं र एसओएस परिवारलाई भिन्न दृष्टिकोणले हेरिने जोखिमलाई कम गराउँदछौं ।

हामी एसओएस परिवारहरू तथा जोखिममा रहेका परिवारहरूले शिक्षा, स्वास्थ्यस्याहार, मनोसामाजिक सहयोग वा पेशा छनौटका लागि गरिने परामर्श जस्ता समुदायमा उपलब्ध सेवाहरूमा पहुँच बढाउन सकून् भन्ने कुरा समेत सुनिश्चित गर्दछौं । हामी बालबालिका तथा युवाहरूलाई समेत समुदायमा आयोजना भएका सांस्कृतिक कार्यक्रम वा खेलकुदमा सहभागी हुन प्रोत्साहित गर्दछौं ताकि समाजमा उनीहरूको समायोजनलाई बढावा दिन सकियोस् ।

सामाजिक एकीकरणको साथसाथै स्थानीय अनुभव तथा सन्दर्भअनुसार हामी एसओएस परिवारहरूको भौतिक एकीकरणमा पनि सहयोग गर्दछौं । त्यस्तो अवस्थामा, एसओएस परिवारहरू प्रत्यक्ष रूपमा समाजका अरू परिवारहरू रहेबसेकै छेउछाउमा बस्दछन् । त्यस्तो प्रबन्ध गरिँदा, पारस्परिक सहयोग आदानप्रदान गर्न तथा सुरक्षित एवं संरक्षित वातावरण बनाउन योगदान गर्न सकियोस् भन्ने हेतुले एसओएस परिवारहरू भने एकअर्काको नजिकमा बस्नु जरूरी छ ।

एसओएस बालग्रामले आफ्ना सेवा तथा सुविधाहरू बृहत्तर समुदायका लागि खुला गर्दछ । त्यस्ता सेवाहरूमा अभिभावकीय सीपविकास तालिम, मनोविमर्श, विद्यालय तथा शिशु कक्षाहरू आदि पर्दछन् । यसरी एसओएस बालग्राम समुदायमा विकासका लागि एक उत्प्रेरक बन्न पुगेको छ ।

| सामुदायिक जीवनमा समायोजन (एकीकरण) | |
|---|---|
| परिवारको स्वायत्तता तथा स्नेही पारिवारिक वातावरण | सेवाहरूमा पहुँच तथा सामुदायिक जीवनमा सहभागिता |
| छिमेकीहरूसँग सहजै अन्तर्क्रिया हुनु | एसओएस परिवारहरू समुदायमा नै बसोबास गर्नु |
| स्थानीय सन्दर्भअनुसार जीवनस्तरको समायोजन गरिनु | एसओएस सेवा र सुविधाहरू (जस्तै मनोविमर्श सेवाहरू, शिशु कक्षाहरू) (समुदायको लागि) खुल्ला गरिनु |

चित्र ८. सामुदायिक जीवनमा समायोजन (एकीकरण)



© Joris Lugtigheid

### इथियोपिया : समुदायमा समायोजन भनेको मित्रता गाँस्नु हो

यादेताको दिनभरिको सबैभन्दा मन पर्ने समय भनेको विद्यालय पछि साथीहरूसँग फुटबल खेल्दाको समय हो । यादेता १२ वर्षका हुन् । उनी इथियोपियाको एसओएस बालग्राम जिम्मास्थित एसओएस परिवारमा बस्दछन् । विद्यालयमा उनले छिमेकी समुदायका बालबालिकासँग राम्रो मित्रता गाँसेका छन् । आफ्नो फुर्सदको धेरैजसो समय उनी बाहिर गई खेलेर वा समुदायले आयोजना गर्ने कार्यक्रमहरूमा सामेल भएर बिताउँछन् । उनलाई जन्मदिनको समारोहमा आमन्त्रित गरिएमा यादेता आफ्ना साथीहरूको घरमा जान पनि मन पराउँछन् ।

शनिबार उनका साथीहरू कहिलेकाहीँ एसओएस बालग्राममा भएको पर्दामा ठूला फुटबल प्रतियोगिताहरू हेर्न आउँदछन् र आफूहरू पनि एकदिन आफूलाई मन पर्ने खेलाडी जस्तै राम्रो खेलाडी हुने सपना देख्दछन् ।

# ७ हामी लक्ष्य प्राप्ति गर्नको लागि, लैङ्गिक समानताको स्थितिमा सुधार गर्न एवं प्रभाव अभिवृद्धि गर्नका लागि व्यक्तिगत सहयोग प्रदान गर्दछौं

**हामी बालबालिका र परिवारहरूलाई आत्मनिर्भरतातर्फ उन्मुख हुन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । हामी बालबालिका तथा परिवारको विकासका लागि योजना बनाएर तथा उनीहरूको जीवनका सबै पक्षहरूलाई सम्बोधन गर्दै यो काम गर्दछौं । हामी बालक र बालिकाहरूलाई समान अवसरहरू सुनिश्चित गर्नमा विशेष ध्यान दिएर लैङ्गिक समानताको स्थितिमा सुधार गर्दछौं ।**

बालबालिका तथा युवाहरू आत्मनिर्भर हुन सक्षम होऊन् र समाजमा योगदान गर्ने सदस्य बन्न सकून् भन्ने हेतुले हामी वैकल्पिक हेरचाहमा रहेका बालबालिका तथा युवाहरूलाई व्यक्तिगत विकासका विभिन्न पक्षहरूमा सशक्तीकरण गर्दछौं । यस्तो प्रक्रिया प्रारम्भिक बाल्यावस्थाको विकासमा विशेष ध्यान दिएर सुरु हुन्छ भने वैकल्पिक हेरचाहबाट विदाइ गरिएपछि दिइने गरिने गुणस्तरीय सहयोगमा गएर समाप्त हुन्छ । परिवार सुदृढीकरणको सन्दर्भमा भने हामी परिवारहरूलाई आत्मनिर्भर हुनको लागि सशक्तीकरण गर्दछौं जसले गर्दा कार्यक्रमबाट बाहिरिँदासम्म उनीहरू आफ्ना बालबालिकालाई प्रभावकारी रूपमा संरक्षण गर्न तथा हेरचाह गर्न सक्षम हुनेछन् ।

बालबालिका एवं परिवारको विकास प्रक्रियाको क्रममा, हामी प्रत्येक बालबालिका, युवा तथा परिवारमा विशिष्ट प्रकारका सक्षमता, सीप र ज्ञानलाई सुदृढ बनाउँदछौं । हामी यो काम बालबालिका र परिवार हरूलाई निरन्तर सहभागी गराएर गर्दछौं । उनीहरू (बालबालिका तथा परिवार) सँधै नै आफ्ना विकासको लागि केन्द्रमा रहन्छन् । बालबालिकाको विकासमा मार्गदर्शन र सहयोग गर्नमा आमाबाबु/अभिभावकहरूले नेतृत्वदायी भूमिका खेल्दछन् भने बालबालिकाले आफू हुर्किँदै जाँदा बढ्दो जिम्मेवारी लिँदै जान्छन् ।

हामी बालक र बालिकाहरूका लागि समान रूपमा अवसरहरू प्रवर्द्धन गर्नमा विशेष ध्यान दिन्छौं । लैङ्गिक रुढीवाद प्रायःजसो परिवार तथा समुदायबाट नै सुरु हुन्छ भन्ने कुरामा हामी सचेत छौं । विकास योजनाको प्रक्रियामार्फत हामी निरन्तर रूपमा लैङ्गिक समानताको लागि काम गर्दछौं ।

माथि उल्लेख गरिएका सम्पूर्ण पक्षहरू हामी पेशागत दक्षतासहित तर्जुमा गरिएको विकास योजनामार्फत् प्राप्त गर्दछौं र त्यस्तो योजना बनाउने पहल बालबालिका अथवा परिवार हाम्रो कार्यक्रममा प्रवेश गरेलगत्तै सुरु हुन्छ । प्रत्येक योजना विस्तृत रूपमा गरिएको लेखाजोखा (मूल्याङ्कन) बाट सुरु हुन्छ र बालबालिका अथवा परिवारको खास परिस्थिति एवं विशेष आवश्यकताहरू पूरा गर्ने तर्फ परिलक्षित हुन्छ । हामी सामाजिक कार्यकर्ता, शिक्षक तथा मनोविज्ञहरू लगायतका सरोकारवालाहरूलाई पनि योजना बनाउँदा सहभागी हुन बोलाउँदछौं । हामी निरन्तर रूपमा योजना कार्यान्वयनको अनुगमन गर्दछौं र कम्तिमा वर्षमा एकपटक त्यसलाई अद्यावधिक गर्दछौं ।

व्यक्तिगत योजना निर्माण तथा त्यसको कार्यान्वयनको अनुगमनबाट हामी प्राप्त गर्न खोजिएका नतिजाहरूमा ध्यान दिन्छौं र तिनका बारेमा थाहा पाउँदछौं । यसले हामीलाई आफ्नो कामलाई निरन्तर समायोजन गर्न तथा तिनमा सुधार गर्न सघाउँदछ । परिणामस्वरूप, हामी प्रत्येक बालबालिका, परिवार तथा समुदायका लागि दिगो नतिजा प्राप्त गर्न सफल हुन्छौं ।




चित्र ९. बालबालिका र परिवारहरूको आत्मनिर्भरता निर्माण




**आइभरी कोष्ट : शिक्षामार्फत अवसरहरूको सिर्जना**

"म भाग्यमानी भएकाले नै म एसओएसमा पुगें । म कहिलेकाहीँ विचार गर्छु, यदि मलाई एसओएसमा नल्याइएको भए के म आजसम्म जीवित नै हुन्थें हूँला ? यदि म जीवितै हुन्थें भने पनि मैले एसओएसमा हुँदा पाएजस्तो शिक्षा पाउन सक्थें भन्ने कुरामा भने मलाई शङ्का नै छ । यहाँ शिक्षा महँगो छ र धेरैजसो आइभोरियनहरू विश्वविद्यालय जाँदैनन् । मैले हासिल गरेको डिग्रीबिना अहिलेको मेरो जागिर पाउँदैनथें अनि अहिले मसँग भएका जस्ता भविष्यका सम्भावनाहरू पनि हुँदैनथे होला ।"

आइभरी कोष्टमा एउटा एसओएस परिवारमा हुर्किएका युवा जो अहिले स्वावलम्बी रूपमा जीवनयापन गरिरहेका छन्

# ८ हामी शिक्षा, सहभागिता तथा स्वावलम्बी जीवनका लागि चरणबद्ध कार्यको प्रवर्द्धन गर्दछौं

**हामी हाम्रो कार्यक्रममा सामेल भएका प्रत्येक बालबालिका तथा युवाहरूलाई स्वावलम्बी जीवनका लागि चरणबद्ध कदमहरू अघि बढाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अर्को शब्दमा, गुणस्तरीय शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्न र उनीहरूलाई जीवनमा सफल हुन चाहिने उपयुक्त सीप तथा कार्य-सदाचार (Work ethic) विकास गर्न हामी सघाउँदछौं ।**

वैकल्पिक हेरचाहमा रहेका बालबालिकाका लागि हाम्रो सहयोग उनीहरू भर्ना भएको समयदेखि सुरु भएर उनीहरूले हेरचाह छोडुञ्जेलसम्म नै जारी रहन्छ । परिवार सुदृढीकरण कार्यक्रममा भने हामी बालबालिकाको विकासात्मक आवश्यकताहरू पूरा गर्नका लागि उपयुक्त अवस्था सिर्जना गर्न परिवारहरूसँग मिलेर काम गर्दछौं । हाम्रो लक्ष्य भनेको आमाबाबु/ अभिभावकहरूको क्षमता अभिवृद्धि गर्नु हो ताकि उनीहरूले हाम्रो कार्यक्रम छोडिसकेपछि समेत आफ्ना बालबालिकालाई स्वतन्त्र जीवनतर्फ डोऱ्याउन सहयोग गर्न सकून् । बालबालिकाको विकासको सबै चरणहरूमा, हामी उमेरअनुरूप हुनेगरी सक्रिय रूपमा उनीहरूको सहभागिता प्रवर्द्धन गर्दछौं र उनीहरूका आवाज सुन्दछौं ।

बालबालिकाका जीवनमा सुरुका वर्षहरू भविष्यमा उनीहरूको विकासका लागि अत्यन्तै महत्वपूर्ण हुन्छन् भन्ने हामीलाई थाहा छ । त्यसैले, हामी प्रारम्भिक बाल्यावस्थाको विकासमा विशेष रूपमा ध्यान दिन्छौं । हामी हाम्रो कार्यक्रममा सानो उमेरका सबै बालबालिकाले विगतको आघातबाट मुक्त हुन तथा सामना गर्ने क्षमता अथवा पुनरावस्था (Resilience) बनाउने गरी उपयुक्त

हेरचाह, उत्प्रेरणा एवं सहयोग पाऊन् भनी सुनिश्चित गर्न काम गर्दछौं ।


हामी बालबालिका र युवाहरूको गुणस्तरीय शिक्षामा पहुँच पुगेको कुरा समेत सुनिश्चित गर्दछौं । उमेर तथा विकासको चरणअनुरूप हुनेगरी हामी उनीहरूलाई विभिन्न खालका सीपहरू सिक्न सहयोग गर्दछौं । जसले उनीहरूलाई समाजमा जिम्मेवार एवं स्वावलम्बी जीवन बाँच्नका लागि तयार पार्न तथा भविष्यमा उनीहरूले रोजगारी पाउने सम्भावनालाई दरिलो बनाउँदछ । यसो गरिरहँदा, हामी लिङ्ग, जातियता, आस्था, स्वास्थ्य स्थिति, यौनिक झुकाव वा विशेष आवश्यकताहरू जस्ता भेदभावका कारकहरूलाई सम्बोधन गर्दै समान रूपमा उनीहरूको पहुँच बढाउँदछौं ।

शिक्षा विद्यालयमा मात्र सीमित हुँदैन, त्यसैले हामी बालबालिकाको शैक्षिक विकासमा सहयोग गर्न हेरचाहकर्ताहरूको सशक्तीकरण समेत गर्दछौं । त्यस्तो सहयोगमा उनीहरूका बालबालिकालाई जीवनोपयोगी सीपहरू सिक्न तथा मूल्यमान्यताहरू विकास गर्न प्रोत्साहन गर्ने पक्ष समेत सामेल हुन्छ । बालबालिका हुर्कंदै युवा भएपछि उनीहरूले आफ्नो जीवनका निर्णयहरू लिन एवं उमेरसँगै बढ्दो जिम्मेवारी लिन सिक्दछन् ।

हाम्रो लक्षित समूहका युवाहरूका निम्ति सार्वजनिक निकाय/अधिकारी, निर्णयकर्ता तथा साझेदारहरूसँग संलग्न भइ उनीहरू रोजगारीमा जानसक्ने सम्भावना बढाउँदछौं । हाम्रो कार्यक्रमका सहभागीहरूले रोजगारी छनौटको प्रशिक्षण (Career coaching) अथवा इन्टर्नसिप जस्ता सहयोगी सेवाहरूबाट लाभ लिन सकून् भन्ने सुनिश्चित गर्दछौं ।

बालबालिकालाई वैकल्पिक हेरचाहबाट एक स्वावलम्बी जीवनतिर स्थानान्तरण गरिँदा सो प्रक्रिया हामी सकेसम्म सहज बनाउँदछौं । त्यसको लागि व्यक्तिपिच्छे नै सुहाउँदो एवं सहभागितामूलक तरिकाले विदाइ प्रक्रियाको योजना बनाउँदछौं । एक युवा युवालयमा बस्ने वा एसओएस परिवारमा नै बस्ने भन्ने निर्णय एसओएस अभिभावक र निज युवा मिलेर सहभागितामूलक प्रक्रियाबाट तय गरिन्छ । निज युवाको परिपक्वता, आकांक्षा तथा सर्वोत्तम हितको आधारमा हरेक कोणबाट हेरेर त्यस्तो छनौटको निर्णय गरिन्छ ।

वैकल्पिक हेरचाहबाट विदाइ भइसकेपछि पनि हामी युवाहरूको जीवनसँग सम्बन्धित पक्षहरूमा निर्दिष्ट सहयोग प्रदान गर्दछौं । हेरचाह छोडेपछिको त्यस्तो सहयोग सबै युवालाई आवश्यक हुँदैन र युवालाई सधैं सहयोग गरिरहन पनि सकिँदैन भन्ने कुरा हामीलाई थाहा छ । तसर्थ, हेरचाह छोडेपछिको सहयोग निजको आवश्यकताको निर्दिष्ट पक्षहरूमा सीमित हुनेछ र समयक्रममा त्यो क्रमशः घट्दै जानेछ । हामी यो पनि निश्चित गर्दछौं कि युवाहरूले हेरचाह छोडिसकेपछि पनि आफ्नो एसओएस परिवारसँग जीवनभर नै सम्बन्ध कायम राख्न तथा सहयोग माग्न सक्दछन् ।




**चित्र १०. स्वावलम्बी जीवनका लागि सहयोगका क्षेत्रहरू**




### कोष्टारिका : युवा रोजगारीको सम्भावना बढाउन सङ्गठित

सोफिया कोष्टारिकाको सान जोसेमा आफ्नो शिशुसँग बस्ने एक युवा-आमा हुन् । उनी YouthCan! (युवा सक्दछन्) नामक कार्यक्रम मार्फत रोजगारीको संसारमा प्रवेश गर्दैछिन् । यस विश्वव्यापी पहल अन्तर्गत एसओएस बालग्राम तथा यसका साझेदारहरूले संयुक्त रूपमा युवाहरूका लागि अवसरहरू सिर्जना गर्दछन् । जसले गर्दा युवाहरूले व्यावहारिक अनुभव हासिल गर्न एवं सीप र ज्ञान अभिवृद्धि गरी आफ्नो रोजगारीको सम्भावना बढाउन सक्दछन् । सोफियाकी मेन्टर (परामर्शदाता) डयानियलासँग एउटा अन्तर्राष्ट्रिय होटलको कपडा धुने काम (Laundry service) गरेको २० वर्षभन्दा बढीको अनुभव छ । उनले (मेन्टरले) आफ्नो पेशागत अनुभव सोफियासँग बाँडेकी छिन् जसबाट सोफियाले त्यस खालको जागिरको जिम्मेवारी र आउन सक्ने चुनौतीहरूबारे धारणा बनाउन सकेकी छन् । यस परामर्शले सोफियालाई आत्मविश्वास बढाउन, अनुभव लिन तथा रोजगार बजारका लागि आफूलाई तयार पार्न मद्दत गरिरहेको छ । यसो भएकोले उनले आफ्नो र आफ्ना बालबच्चाको भविष्य सुरक्षित हुने आशा गरेकी छिन् ।

# १ हामी सहयोगी सेवाहरूका लागि साझेदारी/सहकार्य गर्दछौं र गुणस्तरीय हेरचाहको लागि पैरवी गर्दछौं


**हामीले हेरचाहको क्षेत्रमा हासिल गरेको विशेषज्ञतामा आफ्नो ध्यानकेन्द्रित गरिरहने तथा शिक्षा, स्वास्थ्यस्याहार र आर्थिक सशक्तिकरण जस्ता सहयोगी सेवाहरुको लागि साझेदारीको हात बढाउने प्रतिवद्धता व्यक्त गर्दछौं । हामी गुणस्तरीय हेरचाह प्रवर्द्धन गर्नका लागि राज्यका निकाय तथा अन्य निर्णयकर्ताहरूसँग मिलेर काम गर्दछौं ।**

बालबालिका र उनीहरूको परिवारको स्वस्थ विकासमा सघाउन विभिन्न सेवाहरूमा उनीहरूको पहुँच हुनु आवश्यक हुन्छ । हामी आफूले असाध्यै राम्रोसँग गर्नसक्ने हेरचाहको क्षेत्रमा समग्र रूपमा हाम्रो कामलाई केन्द्रित गर्दछौं । र, लक्षित समूहलाई आवश्यक सहयोगी सेवाहरू प्रदान गर्न भने विशिष्टीकृत संस्थाहरूसँग सहकार्य गर्दछौं । हामी सकेसम्म त्यस्ता संस्थाहरूको क्षमता विकास गर्न आफ्नो विशेषज्ञता उपलब्ध गराउँदछौं ।

अपवादको रूपमा या भनौं असाधारण परिस्तिथिमा सरकार तथा अन्य साझेदारहरूले लक्षित समूहलाई सहयोगी सेवाहरू प्रदान गर्न नसकेको खण्डमा यदि हामीसँग क्षमता भएमा, हामी यस्तो रिक्तता हटाउन अघि सर्दछौं । हामी त्यसरी सहयोगी सेवाहरू प्रदान गर्ने काम निश्चित अवधिसम्म मात्र गर्दछौं र सरकार तथा विशिष्टीकृत सेवा प्रदान गर्ने संस्थाहरूसँग निरन्तर सम्पर्कमा रही उनीहरूले नै त्यसको जिम्मा लिन सकून् भन्ने चाहन्छौं ।

हामी आफूलाई राष्ट्रिय बालकल्याण प्रणालीको एक अभिन्न हिस्सा ठान्दछौं । हामी बालबालिकाको परिस्थितिमा सुधार ल्याउन ध्यान केन्द्रित गर्न सम्पूर्ण उपलब्ध सीप तथा स्रोतहरूबाट लाभ लिँदै विभिन्न अधिकारीहरूसँग र अन्य निकायहरूसँग सम्पर्कमा रहेर काम गर्दछौं । त्यसो गर्नुको उद्देश्य वैकल्पिक हेरचाहमा गुणस्तर सुनिश्चित गर्नु र परिवार विग्रह हुनबाट रोकथाम गर्नु हो । यस अतिरिक्त, हामी बालबालिकालाई जोखिमी अवस्थामा धकेल्ने कारकहरूलाई सम्बोधन गर्नका लागि नीति तथा अभ्यासहरू बढाउन पैरवी गर्न समान उद्देश्य भएका सङ्घसंस्थाहरूका प्रयासहरूमा संलग्न हुन्छौं र उनीहरूलाई सहयोग गर्दछौं । प्रमाणमा आधारित एवं लक्षित पैरवीले, समय क्रममा, आफ्ना बालबालिकाको संरक्षण गर्न तथा उनीहरूको आवश्यकता परिपूर्ति गर्न सकिने खालको समाज निर्माणतर्फ डोऱ्याउँदछ । त्यसले, अन्ततः हाम्रो संस्थाको ध्येय एवं लक्ष्य प्राप्तिमा योगदान पुग्दछ भन्ने कुरामा हाम्रो दृढ विश्वास रहेको छ ।

हामीले गरेका प्रत्येक काममा हाम्रा लक्षित समूहका बालबालिकाको आवाज सुनियोस् भनी सुनिश्चित गर्दछौं ।




चित्र ११. साझेदार/सहकार्य र पैरवी


© Joel Sheakoski

## एक युवाको आवाज

आफ्नो भावुक कथा लिएर चिलीका १७ वर्षे फ्रान्कोले जुलाई २०१७ मा विश्वका नेताहरूलाई परिवार सुदृढीकरणको महत्वबारे सम्बोधन गरे । "आफ्ना बालबालिकालाई सहयोग गर्न तथा उनीहरूको दुःखपीडा कम गर्न एवं परिवार विग्रह रोक्न सकियोस् भनेर आमाबाबु/अभिभावकहरूलाई सहयोग गर्न आवश्यक छ", उनले भने । "यो एउटा दुष्चक्र हो । यदि आमाबाबु/ अभिभावकले दुःख पाए भने, उनीहरूका बालबालिकाले पनि दुःख पाउँछन् । हामीले यो समस्यालाई समाधान गर्‍यौं भने त्यो भावी पुस्ताका लागि समेत लाभदायी हुन्छ ।" फ्रान्कोले न्यूयोर्कमा आयोजना भएको एउटा कार्यक्रममा चिलीका युवाहरूको प्रतिनिधित्व गरेका थिए । त्यहाँ उनले विश्वका नेताहरूलाई युवाहरूका आवाजहरू बढीभन्दा बढी सुन्न तथा संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्यहरू पूरा गरिँदा बालबालिका तथा युवाका अधिकारहरू प्रवर्द्धन गर्न अनुरोध गरे । यी १७ वर्षीय किशोरले वैकल्पिक हेरचाहमा हुर्किरहेका बालबालिकाले सामना गर्नुपर्ने चुनौतीहरूका बारे बढी जागरूकता आवश्यक भएको कुरामा समेत जोड दिएका थिए । फ्रान्को चिलीको एसओएस परिवारमा बस्छन् ।

## प्यालेस्टाइन : बालिकाहरूलाई सुरक्षित राख्नको लागि संयुक्त प्रयास

मुना १६ वर्षीय प्यालेस्टाइन बालिका हुन् । उनका बाबुले आफ्नो परिवारलाई त्यागेपछि, मुनाको जीवनमा अनपेक्षित परिवर्तन आयो । उनकी आमामाथि छोरीहरू हुर्काउन अतिरिक्त भार पर्‍यो । र, मुना तथा उनका दुई हिदीबहिनीहरूले आवश्यक सेवाहरूमा पहुँचका लागि सङ्घर्ष गर्नुपर्‍यो । आफ्नो परिवारको भरणपोषण गर्नका लागि मुनाले विद्यालय छाडिन् र यौन व्यवसायमा लागिन् । उनलाई अधिकारीहरूले पक्राउ गरे र उनको बाबुलाई खबर गरे । यसले मुनाको जीवन गम्भीर खतरामा पर्‍यो किनकि त्यहाँको समाजको कठोर परम्पराको कारण प्रायः उनीजस्ता किशोरीलाई परिवारको इज्जत जोगाउने नाममा हत्या गरिइने गरिन्थ्यो ।

एसओएस बालग्रामले उक्त परिस्थितिबारे थाहा पाएपछि तुरुन्तै काम सुरु गर्‍यो र आफ्ना साझेदारहरूको सञ्जाललाई परिचालित गर्‍यो । साथै, उनीहरूले ती किशोरीलाई संरक्षण गर्न सामाजिक मामिला मन्त्रालयसँग मिलेर काम गरे । मुना सुरक्षित आवास गृहमा गइन्, जहाँ उनलाई सुरक्षा दिइयो, पुनर्स्थापना गरियो र त्यहाँ उनले शिक्षा प्राप्त गरिन् । एसओएस बालग्रामले परिवार सुदृढीकरण कार्यक्रममार्फत उनको परिवारलाई निरन्तर रूपमा सहयोग दियो ।


© Katharina Ebel


© Fernando Espinoza

# परिशिष्ट

## शब्दावली

| शब्द | परिभाषा |
| --- | --- |
| **वैकल्पिक हेरचाह** (Alternative care) | कुनै बालक वा बालिकालाई आफू जन्मिएको परिवारभन्दा बाहिर हेरचाहकर्ताद्वारा पूर्णकालीन हेरचाह गरिने व्यवस्था । |
| **हेरचाह (Care)** | बालबालिका र युवाहरूलाई संरक्षण गर्ने, उनीहरूको हित तथा विकासमा टेवा दिई अभिभावकत्व प्रदान गर्ने काम । आफू जन्मिएको घरपरिवार वा वैकल्पिक हेरचाह दुवै ठाउँमा बालबालिकाको हेरचाह गर्न सकिन्छ । |
| **हेरचाहकर्ता (Caregiver)** | बालबालिकालाई हुर्काउन तथा उनको दैनिक हेरचाहका लागि जिम्मेवार व्यक्ति । |
| **हेरचाहका विकल्प (Care option)** | बालबालिकालाई हुर्काउन तथा उनको दैनिक हेरचाहका लागि जिम्मेवार व्यक्ति । |
| **नि-संस्थाकरण (De-institutionalisation)** | संस्थागत हेरचाहको अन्त्य गर्ने उद्देश्यले बालबालिकाको हेरचाह तथा संरक्षणमा गरिएका परिमार्जनका प्रक्रियाहरू । यसमा गुणस्तरीय वैकल्पिक हेरचाहका विकल्पहरू तथा परिवारको सुदृढीकरण दुवै पर्दछन् । |
| **परिवार जस्तै वातावरणमा राखेर गरिने हेरचाह (Family-like care)** | एक वा बढी पेशागत हेरचाहकर्ताले बालबालिकाको हेरचाह प्रदान गर्ने उद्देश्यले बनाइएको व्यवस्थापन अन्तर्गत रही सानो स्वायत्त समूहमा हेरचाह प्रदान गरिइने पारिवारिक वातावरणसँग मेल खाने वैकल्पिक हेरचाहको एक विकल्प । |
| **जन्मिएको परिवार (Family of origin)** | बालबालिका जन्मिएको परिवार । त्यस्तो परिवारमा नजिकको नातेदार परिवार तथा बृहद परिवार समेत पर्न सक्दछन् । |
| **परिवार सुदृढीकरण (Family strengthening)** | परिवार विग्रह हुनबाट रोक्नका लागि तथा बालबालिकालाई आफू जन्मिएको परिवारमा नै गुणस्तरीय हेरचाह प्रदान गर्न लक्षित सेवा । |
| **परिवारमा पुनर्एकीकरण (Family reintegration)** | बालबालिकालाई आफू जन्मिएको परिवारमा हेरचाहको लागि फिर्ता पठाउने काम । |
| **बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवारमा राखेर गरिने हेरचाह (Foster family care, foster care)** | सरकार अथवा आधिकारिक निकायले छनौट गरिएको, योग्य, स्वीकृत हेरचाहकर्ताले सरकार अथवा आधिकारिक निकायको सुपरिवेक्षणमा बालबालिकाको हेरचाह गरिने वैकल्पिक हेरचाहको स्वरूप । यस्तो हेरचाह सामान्यतः हेरचाहकर्ताको आफ्नै घरपरिवारमा राखेर उपलब्ध गराइन्छ । |
| **पहरेदारी (Gatekeeping)** | वैकल्पिक हेरचाहको वास्तविक आवश्यकता नभएका बालबालिका वैकल्पिक हेरचाहमा नजाऊन् भनी रोकथाम गर्न र आवश्यक परेका बालबालिकाले सबैभन्दा उपयुक्त वैकल्पिक हेरचाहका विकल्प पाऊन् भन्ने उद्देश्यले बालबालिका तथा परिवारहरूलाई उपयुक्त सेवाहरूमा सिफारिस गर्ने प्रक्रिया । |
| **संस्थागत स्याहार (Institutional care)** | सामान्यतया स्थिर हेरचाहकर्ता नहुने, बाहिरी संसारबाट अलग राखिइने कारणले बालबालिकाको मनोवैज्ञानिक र भावनात्मक स्वास्थ्य र कार्यक्षमतामा प्रायः जीवनपर्यन्त गम्भीर एवं हानिकारक प्रभाव रहनेगरी औपचारिक व्यवस्थापन अन्तर्गत आवासीय सुविधामा प्रदान गरिइने वैकल्पिक हेरचाहको स्वरूप । |
| **नातेदार हेरचाह (Kinship care)** | बालबालिकाको बृहद् परिवारका सदस्य वा बालबालिका जन्मिएका परिवारका नजिकको आफन्तको परिवार वा बालबालिकालाई चिन्ने परिवारले गर्ने निजको हेरचाहको प्रबन्ध । एसओएस बालग्रामको सन्दर्भमा भने नातेदार हेरचाहमा गरिने सहयोगलाई परिवार सुदृढीकरण कै एक हिस्साको रूपमा रहेको छ । |
| **कार्यक्रम (Programme)** | "एसओएस बालग्राम" को पर्यायवाचीका रूपमा लिइएको । |

| **शब्द** | **परिभाषा** |
|---|---|
| **सेवा (Service)** | बालबालिका र⁄वा उनीहरूको परिवारका विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्न तय गरिएका विशिष्ट खालका क्रियाकलापहरू । एसओएस बालग्रामले प्रदान गरिने मुख्य सेवाहरूमा सामान्यतया एसओएस परिवार हेरचाह, परिवार सुदृढीकरण र कहिलेकाहीँ हेरचाहका अन्य विकल्पहरू पर्दछन् । |
| **साना समूह घर (Small group home)** | सानो समूहमा बालबालिका वा युवाहरूलाई पेशागत दक्षता भएका हेरचाहकर्ताले सिफ्ट वा आलोपालो काम गरी हेरचाह प्रदान गर्ने वैकल्पिक हेरचाहको एक स्वरूप । |
| **एसओएस बालग्राम (SOS Children's Village)** | एसओएस बालग्राम सदस्य सङ्गठनले कुनै खास स्थान (गाउँ, समुदाय वा धेरै समुदायहरू भएको क्षेत्र) मा स्पष्ट रूपमा परिभाषित गरिएका लक्षित समूह र साझा लक्ष्य प्राप्तिका लागि व्यवस्थापन गरिएका सेवाहरूको समग्र स्वरूप । |
| **एसओएस परिवार हेरचाह (SOS family care)** | बालबालिकाको हुर्काइ र विकासका लागि प्राथमिक रूपमा जिम्मेवार हुनेगरी एसओएस आमा, बाबु वा विवाहित जोडी लगायतका अभिभावकहरूले बालबालिकाको सानो समूहलाई दाजुभाइ दिदीबहिनीको सम्बन्धमा राखी परिवारजस्तो वातावरणमा सँगै हुर्काउने एसओएस बालग्रामले प्रदान गर्ने वैकल्पिक हेरचाहको स्वरूप । एसओएस अभिभावकहरूलाई कार्यक्रमका अन्य कर्मचारीहरूले सहयोग पुर्‍याउँदछन् । |
| **लक्षित समूह (Target group)** | आफ्ना कार्यक्रमहरूमार्फत् एसओएस बालग्रामले सेवा दिने बालबालिकाको समूह । |


© Nina Ruud



# एसओएस बालग्राम सिद्धान्तहरू

SOS CARE PROMISE

## बालबालिका
प्रत्येक बालबालिका विशिष्ट एवं सम्मानित हुन् ।

## अभिभावक
प्रत्येक बालबालिकालाई हेरचाह गर्ने (स्नेही) तथा स्थिर अभिभावक चाहिन्छ ।

## परिवार
प्रत्येक बालबालिका सहयोगी परिवारमा हुर्किन्छन्

## समुदाय
प्रत्येक बालबालिका सुरक्षित एवं सहयोगी समुदायका अंश हुन् ।

www.sos-childrensvillages.org